# भुजेल भाषाः अभिवृत्ति र पुनरूत्थान योजनाको अध्ययन

विष्णुलाल भुजेल

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका

पाठ्यक्रममा रहेको एमफिल परीक्षाको

आंशिक परिपूर्तिका लागि प्रस्तुत

लघु शोधप्रबन्ध

२०१५

# भुजेल भाषा: अभिवृत्ति र पुनरूत्थान योजनाको अध्ययन

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका

पाठ्यक्रममा रहेको एमफिल परीक्षाको

आंशिक परिपूर्तिका लागि प्रस्तुत

लघु शोधप्रबन्ध


शोध निर्देशक

सह प्रा. डा. समर सिन्हा

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

शोधार्थी

विष्णुलाल भुजेल

एमफिल 14MPNP03

नेपाली विभाग

सिक्किम विश्वविद्यालय


२०१५

# प्रतिबद्धता

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल परीक्षाको आंशिक परिपूर्तिका निम्ति प्रस्तुत "भुजेल भाषाः अभिवृत्ति र पुनरूत्थान योजनाको अध्ययन" शीर्षकको यो शोधप्रबन्ध मैले मेरो शोधनिर्देशक डा. समर सिन्हाको निर्देशनमा रहेर सम्पन्न गरेको पूर्णतः मौलिक शोधकार्य हो। मैले यो शोधप्रबन्ध लेखनको क्रममा विभिन्न स्रोतबाट सङ्कलित सामग्रीहरूलाई भाषा वैज्ञानिक ढङ्गले उपयोग गरेको छु र त्यसप्रति कृतज्ञ पनि छु। यस लघुशोध प्रबन्धको समष्टि निष्कर्षलाई मैले यस अघि कुनै पनि उपाधि अथवा अन्य प्रयोजनका लागि प्रस्तुत गरेको छैन। यस लघुशोध प्रबन्धको कुनै पनि अंश, पाठ वा पुस्तकको अंशको रूपमा प्रकाशित गरे अथवा गराइको छैन। मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धता विरूद्ध कुनै प्रमाण भेटिएमा त्यसप्रति म उत्तरदायी हुनेछु भन्दै यो प्रतिबद्धता जाहेर गर्दछु।

शोधनिर्देशक

डा. समर सिन्हा

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्याल

शोधार्थी

विष्णुलाल भुजेल

एमफिल 14MPNP03

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

दिनाङ्कः ..............................

विभागीय प्रमुख

# शोध-निर्देशकबाट अग्रसरण

"भुजेल भाषाः अभिवृत्ति र पुनरूत्थान योजनाको अध्ययन" शीर्षकमा प्रस्तुत शोधप्रबन्ध सिक्किम विश्वविद्यालयको नेपाली विभाग एमफिलका शोधार्थी श्री विष्णुलाल भुजेलले मेरो निर्देशनमा रही तयार पारेका हुन्। विश्वविद्यालयको एमफिल अन्तर्गत रहेको शोधप्रबन्ध तयार पार्दा उनले अध्ययन, लगन र परिश्रमका साथ तयार पारेका हुन्। विश्वविद्यालयको नियम अनुसारमा रही शोधविधिको यथोचित प्रयोग गरी श्री भुजेलले यस शोधप्रबन्ध तयार पारेका हुन्।

म यस लघुशोध प्रबन्धलाई उचित मुल्याङ्कनको निम्ति सम्बन्धित निकाय समक्ष अग्रसरित गर्दछु।

(डा. समर सिन्हा)

सह-प्राध्यापक

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

दिनाङ्कः

# कृतज्ञता ज्ञापन

सिक्किम विश्वविद्यालयको नेपाली विभागमा एमफिल उपाधि प्राप्त गर्न हेतु लघुशोध प्रबन्ध अन्तर्गत मेरो विषय "भुजेल भाषाः अभिवृति र पुनरूत्थान योजनाको अध्ययन" रहेको छ। प्रस्तुत शोधप्रबन्धमा सिक्किम र दार्जिलिङ जिल्लामा बसो-बासो गर्ने भुजलहरूको भाषिक अभिवृत्तिमाथि सर्वेक्षण गरी भाषाको योजना तयार पारिएको छ साथै भुजेल भाषाको लिपिकरणमाथि देवनागरी लिपिलाई अघि राखेर लिपि निर्माण गर्ने कोषिश गरिएको छ।

प्रस्तुत शोधकार्य सकेसम्म विषयलाई समेटेर तयार गरिएको छ। यस शोधप्रबन्धमा सिक्किम र दार्जिलिङ जिल्लाका विभिन्न क्षेत्रबाट भाषिक साथै अभाषिक भुजेल समुदायबाट अभिवृत्तिको तथ्य लिएको छ। जसमा विभिन्न क्षेत्र, लिङ्ग, पेशा, उमेर, शिक्षा आदिबाट तथ्य सङ्कलन गरी शोधप्रबन्ध तयार पारिएको छ।

प्रस्तुत शोधप्रबन्ध श्रदेय गुरू डा. समर सिन्हा सहायक प्राध्यापक नेपाली विभाग सिक्किम विश्वविद्यालयको निर्देशनमा तयार गरिएको हो। वहाँको कुशल निर्देशन अनि सहायताले गर्दा नै यो शोधप्रबन्ध तयार हुन सकेको हो। अतः वहाँको मार्गनिर्देशनका लागि सदैव ऋणी रहनेछु।

यसरी नै यस कार्यमा आवश्यक सुझाउ र मार्ग निर्देशन गर्नु हुने नेपाली विभाग, सिक्किम विश्वविद्यालयका श्रदेय गुरू सह-प्राध्यापक बलाराम पाण्डेज्यूप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु साथै यस कार्यमा मलाई सधै सुझाउ, प्रोत्साहन दिनु हुने सम्पूर्ण नेपाली विभाग, सिक्किम विश्वविद्यालयका श्रदेय गुरूजन प्रो.प्रतापचन्द्र प्रधान, विभाग प्रमुख डा. कविता लामा, डा. पुष्प शर्मा र सह-प्राध्यापक देवचन्द्र सुब्बाप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

यसरी नै पिएचडिका दाजु सुमन बान्तवाज्यूप्रति पनि हार्दीक कृतज्ञता प्रकट गर्दछु जसले मलाई शोधप्रबन्ध तयार पार्दा धेरै सहयोग गर्नु भयो। यसरी नै मलाई यस कार्यमा धेरै सहयोग दिएकोमा शुश्री मीना शर्मालाई पनि हार्दीक कृतज्ञता प्रकट गर्दछु। मेरो अग्रज दाजु-दीदी तथा मित्रहरू जसले मलाई यस शोध प्रबन्ध तयार पार्दा हरेक सानो-सानो कार्यमा सहायता गर्नु भयो वहाँहरूप्रति पनि धन्यवाद ज्ञापन गर्दछु। सोही प्रकारले मलाई सिक्किम र दार्जिलिङ जिल्लाको विभिन्न क्षेत्रमा भाषिक अभिवृत्तिको सर्वेक्षण गर्दा सहयोग पुर्याउनु भयो वहाँहरुलाई पनि म आन्तरिक हृदयबाट धन्यवाद ज्ञापन गर्दछु, साथै सिक्किम र दार्जिलिङ जिल्लाका भुजेल सङ्घ-संस्थाको पदाधिकारीहरूप्रति पनि आभार प्रकट गर्दछु।

यसरी नै यस शोधप्रबन्धको लागि मलाई अध्ययन गर्ने सुअवसर दिनु भएकोमा साथै मेरो अध्ययनमा कुनै बाधा बिना हरेक दुःख, सुख झेलेर प्रेणा र सहयोग दिनुहुने मेरो आदरणीय आमा पदम कुमारी भुजेल, दाजु-भाउजु, भाईहरू, दीदीहरू, बुहारी अनि भेनाहरूप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु। साथै मेरो परिवारका आफान्तहरू जसले मलाई हरेक कार्यमा सहयोग दिएका छन् वहाँहरूप्रति पनि आभार प्रकट गर्दछु।

विन्ति-

विष्णुलाल भुजेल

नेपाली विभाग, सिक्किम विश्वविद्यालय

## संक्षिप्तकृत शब्दरूप

१) अप्रा. - अल्पप्राण

२) महा. - महाप्राण

३) अघो. - अघोष

४) घो. - घोष

५) डा. - डाक्टर

६) प्रो. - प्रोफेसर

७) प्रा. - प्राध्यापक

८) सम्पा. - सम्पादक

९) पृ. - पृष्ट

१०) वि.सं - विक्रम संवत

# रेखाचित्र र तालिका सूची


| | |
|---|---|
| रेखाचित्र | २.१ भुजेल भाषाको वर्गीकरण |
| तालिका | २.२ भुजेल जातिको थर उपथर |
| तालिका | ३.१ अ.ध्व.वमा भुजेल भाषाको फोक्सीय व्यञ्जन ध्वनि |
| तालिका | ३.२ भुजेल भाषामा संयुक्त व्यञ्जन |
| तालिका | ३.३ भुजेल भाषाको वर्ण |
| तालिका | ३.४ स्वरचतुर्भुज |
| तालिका | ३.५ एक स्वरको वितरण |
| तालिका | ३.६ एक स्वरको वितरणको उदाहरण |
| तालिका | ३.७ मौखिक, नासिक्य र द्विस्वर |
| तालिका | ३.८ व्यञ्जन वितरण |
| तालिका | ३.९ व्यञ्जन वितरणको उदाहरण |
| रेखाचित्र | ३.१० अक्षरको वृक्षरेखा |
| तालिका | ३.११ भुजेल भाषामा पाइने २४ वटा व्यञ्जन वर्ण |
| तालिका | ३.१२ भुजेल भाषामा पाइने घोष महाप्राण व्यञ्जन वर्ण |

# विषय सूची


| विषय | पृष्ठ सङ्ख्या |
|---|---|
| प्रतिवद्धता | i |
| शोधनिर्देशकको अग्रसरण | ii |
| कृतज्ञता ज्ञापन | iii-iv |
| संक्षिप्त शब्दरूप | v |
| तालिका | vi |
| **पहिलो अध्याय** | **१-५** |
| १. शोध परिचय | |
| १.१ शोधको शीर्षक | |
| १.२ शोध परिचय | |
| १.३ शोध समस्यकथन | |
| १.४ शोध उद्देश्य | |
| १.५ शोध सिमाङ्कन | |
| १.६ पूर्वकार्यको समीक्षा | |
| १.७ शोध प्रयोजन | |
| १.८ शोधविधि | |
| १.९ शोधको रूपरेखा | |

**दोस्रो अध्याय** ६-३०

भुजेल जातिको भाषा अनि संस्कृति

२.१. भुजेल जाति : परिचय

२.२. भुजेल भाषाः परिचय

२.३. भुजेल जातिको संस्कार-संस्कृति

२.३.१. गर्भधारण अनि जन्म

२.३.२. न्वारान

२.३.३. भात खुवाई

२.३.४. छेवार

२.३.५. रजस्वला

२.४. वैवाहिक संस्कार

२.४.१. मागी विवाह

२.४.२. भुजेल जातिमा भागी विवाह

२.४.३. सम्बन्ध विच्छेदः

२.५. भुजेल जातिमा मृत्यु संस्कार

२.५.१. भुजेल जातिमा शुद्धि कार्यको विधान

२.६. भुजेल जातिको चाड —पर्व

२.६.१. वायुपूजा

२.६.२. राँके

२.६.३. कलाती

२.६.४. माघे संक्रान्ति

२.७. भुजेल जातिको नृत्य र गीत

२.७.१. घाटु

२.७.२. चुट्का

२.७.३. झामर्या

२.७.४. पादुर्या

२.८. भुजेल जातिको भेषभूषा तथा गरगहनाः

२.९. धर्म

२.१०. भुजेल जातिको थर र उपथर

२.११. निष्कर्ष

**तेस्रो अध्याय** ३१-४४

भाषिक अभिवृत्ति र भाषिक योजना र पुनरूत्थान

३.१ भाषिक अभिवृत्तिको परिचय

३.२. सिक्किममा र दार्जीलिङमा भुजेल जातिको भाषिक अभिवृत्ति

३.३. भाषिक योजना

३.३.१. भाषिक योजनाको परिचय

३.३.२ भारतमा भुजेल भाषाको सन्दर्भ

३.४. भाषिक पुनरूत्थानको परिचय

३.५. भुजेल भाषाको पुनरूत्थान योजना

३.६. निष्कर्ष

**चौँथो अध्याय** **४५-७८**

भुजेल भाषा: को लिपिकरण

४.१. लिपि परिचय

४.२. भुजेल भाषाको ध्वनि परिचय

४.२.१. ध्वनि परिचच

४.२.१.१. भाषिक ध्वनि

४.२.१.२. व्यञ्जन ध्वनि

४.३. भुजेल भाषाको वर्ण परिचय

४.३.१. वर्ण

४.३.२. स्वर

४.४. लघुतम युग्मको आधारमा स्वर वर्णको विश्लेषण

४.५. व्यतिरेकी

४.६. खण्डेतर ध्वनि

४.६.१. प्राणत्व

४.६.२.घोषत्व

४.७. अक्षरको संरचना

४.८. भुजेल भाषा लिपिकरण समस्या र समाधान

४.९. निष्कर्ष

**पाँचौ अध्याय** **७९-८२**

**५. निष्कर्ष**

सन्दर्भ सामाग्री ग्रन्थ सूची

परिशिष्ट

# पहिलो अध्याय

# शोधको परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक "**भुजेल भाषाः अभिवृत्ति र पुनरूत्थान योजनाको अध्ययन**" रहेको छ।

## १.२ शोधको परिचय

प्रस्तुत शोधकार्यको क्षेत्र भाषिक पुनरूत्थानअन्तर्गत समाज भाषाविज्ञान रहेको छ। भाषिक अभिवृत्ति भन्नाले भाषाप्रतिको आचार व्यवहार बुझिन्छ। अनि पुनरूत्थान भन्नाले लुप्तप्रायः भएको भाषालाई पुन: प्रचलनमा ल्याउनु भन्ने बुझिन्छ। यस शोधकार्यअन्तर्गत भारतको सिक्किम राज्य अनि दार्जिलिङ र कालेबुङ महकुमा क्षेत्रमा भुजेल भाषाको अवस्था अनि समुदायको आफ्नो भाषाप्रति भाषिक अभिवृत्तिको अध्ययन गरिएको छ। यस क्षेत्रमा भुजेल भाषा लुप्तप्रायः भइसकेको छ, यद्यपि सन् २०१४ मा सिक्किममा गरिएको सर्वेक्षणद्वारा के थाह लागेको छ भने बहुसंख्यक भुजेलहरूको भाषिक अविभृत्ति सकारात्मक रहेको छ।अनि भाषिक पुनरूत्थान उनीहरूको खाँचोको विषय पनि हो। दार्जिलिङ अनि कालेबुङमा यो अध्ययन हुनु बाँकी छ। उक्त अभिवृत्तिमा आधारित तथ्यलाई विश्लेषण गरी भुजेल भाषाको पुनरूत्थानका लागि उपयुक्त योजनाको खाका निर्माणका सम्भावनाहरूलाई पनि यस कार्यमा समेटिएको छ।

## १.३. शोधको समस्याकथन

भारतमा मुख्य रूपमा सिक्किम अनि पश्चिम बङ्गालको दार्जिलिङ जिल्लामा भुजेलहरूको बसोबास रहेको पाइन्छ।भुजेलहरूको छुट्टै परिचय, इतिहास, भाषा, संस्कार र संस्कृति

पाइन्छ। भारत तथा नेपालमा विभिन्न समयमा भएका ऐतिहासिक घटनाक्रम एवम् अन्य विविध परिस्थितिका कारण भुजेल भाषा, संस्कार, संस्कृति ओझेलमा पर्न गयो। विशेष गरेर भारतमा भुजेल भाषा लुप्तप्रायः भइसकेको छ। यस परिस्थितिलाई ध्यानमा राख्दै दार्जिलिङ र सिक्किमको सन्दर्भमा भुजेल भाषाको समाजभाषिक अध्ययन गर्न आवश्यक पनि ठानिएको छ। भाषिक समुदायमा यो भाषा शुन्यप्रायः पाइएकाले पनि उत्तिकै सान्दर्भिक एवम् महत्त्वपूर्ण बन्न गएको छ। यिनै विषयहरूको केन्द्रमा रही प्रस्तुत शोधकार्यको मुख्य समस्यालाई निम्न लिखित बुदागत रूपमा तल प्रस्तुत गरिएको छ।

(क) दार्जिलिङ, कालेबुङ क्षेत्रमा भुजेल भाषाको अवस्था अनि अन्य समुदायको भुजेल भाषाप्रति अभिवृत्ति के कस्तो छ?

(ख) सिक्किम र दार्जिलिङका भुजेलहरूको आफ्नो भाषाप्रति अभिवृत्तिको आधारमा भुजेल भाषाको पुनरूत्थानबारे के कस्तो योजना त्यार पार्न सकिन्छ?

(ग) भुजेल भाषाको लिपिकरण बारेमा के कस्ता योजना तथा उपायहरू सम्भाव्य देखिन्छ?

### १. ४. शोधको उद्देश्य

(क) यस शोधको मुख्य उद्देश्य सिक्किम, दार्जिलिङ र कालेबुङ क्षेत्रमा भुजेल भाषाको अवस्था अनि समुदायको यस भाषाप्रति रहेको अभिवृत्तिको अध्ययन गर्नु हो।

(ख) यस क्षेत्रमा भुजेल भाषाको पुनरूत्थानका लागि उपाय र उपकरणको अध्ययन गर्नु यस कार्यको दोस्रो उद्देश्य हो।

(ग) भुजेल भाषाको लिपि र यससित जोडिएका समस्याहरूलाई भाषावैज्ञानिक सुझाव अनि आधार दिनु पनि यस शोधको गौण उद्देश्य हो।

## १. ५. शोधको सीमाङ्कन

प्रस्तुत शोध राजनैतिक सीमा अनुरूप सिक्किम तथा पश्चिम बङ्गालको दार्जिलिङ जिल्लामा बसोबास गर्ने भुजेलहरूको भाषिक अभिवृत्ति र भाषिक पुनरूत्थानको योजनाअन्तर्गत लिपिको प्रसङ्गमा यसको अध्ययन क्षेत्र सीमित छ।

## १.६. पूर्वकार्यको विवरण

भुजेल जातिको भाषा, संस्कार, संस्कृतिबारे थोरै अध्ययन भएको पाइन्छ। भुजेल जाति, संस्कृति तथा अन्य पक्षबारे एकाध अध्ययनहरू फेला परेका छन्। यद्यपि भुजेल भाषाको पुनरूत्थान योजनामाथि छुट्टै रूपमा आजसम्म कुनै पुस्तक प्रकाशनमा आएको थाह लाग्दैन। नेपालको सन्दर्भमा रेग्मीले भुजेल भाषाको व्याकरण (२०११) प्रकाशित गरेको पाइन्छ। हालैमा भारतबाट प्रकाशित सी.वी.भुजेल र रेशम भुजेलद्वारा अनुसन्धानात्मक पुस्तक भुजेल नृजातिवर्णन (२०१४) र कल्याण एसोसिएसन केन्द्रीय समिति कालेबुङबाट प्रकाशित भुजेल जन-जातिको संस्कार विधि (२०१३) मा विशेष गरी उक्त जातिको सामाजिक संस्कृतिक जीवन पद्धतिबारे अध्ययन गरिएको पाइन्छ।

अमृतसिंह भुजेलले त्रिभुवन विश्वविद्यालयमा प्रस्तुत गरेको *भुजेल जाति र सामाजिक सांस्कृतिक जीवन पद्धति* (२००५) गरेको शोधप्रबन्धमा भुजेल जातिको परिचय, उत्पत्ति र इतिहास, मिथक तथा वंशवलीबारे अध्ययन गरिएको पाइन्छ। रेग्मीले (२०१२) आफ्नो प्रबन्धमा नेपालको सन्दर्भमा भुजेल भाषाको भाषिक अभिवृत्ति र प्रचलन, भाषिक सजीवतता, भाषिक अभिलेखन र भाषाको प्रयोग क्षेत्र आदि विषयबारे अनुसन्धानात्मक अध्ययन प्रस्तुत गरेका छन्। सन् २०१४ -मा सिक्किमको भुजेल समुदायको भाषिक अभिवृत्तिबारे अध्ययन गरिएको पाइन्छ, जसमा समुदायले भाषिक पुनरूत्थानबारे भाव प्रकट गरेका छन्।

खवासले (२०१०) भुजेल जातिको पृष्टभूमि, इतिहास र उत्पत्ति, जनश्रुति एवं किंवदन्ती, इतिहास, भाषा र यसको वर्णव्यवस्थाबारे प्रकाश पारेका छन्। यसमा भुजेलले (२०१३) भुजेल जाति, भाषा, संस्कार, संस्कृति अनि साहित्यबारे चर्चा गरेका छन्। य प्रस्तवित विषयबारे भारतीय सन्दर्भमा भने अध्ययन भएको पाइन्न।

## १.७. शोधको प्रयोजन

प्रस्तुत शोधकार्यको प्रयोजन सिक्किम विश्वविद्यालयको नेपाली विभागमा एमफिल उपाधि प्राप्त गर्न र अनि सिक्किम, दार्जिलिङ क्षेत्रमा भुजेल भाषाको पुनरूत्थानको योजना तयार गर्न रहेको छ।

## १. ८. शोधविधि

शोधका लागि आवश्यक सामग्री सङ्कलन प्राथमिक स्रोतबाट गरिएको छ। भुजेलहरूको बसोबास रहेका विभिन्न सामाजिक, भौगोलिक, भाषिक आदि परिवेशको सर्वेक्षण गरी भुजेल समुदायसित अन्तर्वार्ता, मुक्त-बद्ध प्रश्नवालीका माध्यम, भाषाप्रतिको अभिवृत्ति साथै पुनरूत्थानबारे जानकारी लिइएको छ।जसमा शिक्षितहरूका लागि प्रश्नवलीको सूची तयार पारी सोधिएको प्रश्नको उत्तर लिइएको छ। अशिक्षितहरूका लागि मौखिक रूपमा प्रश्न गरी भाषिक अभिवृत्तिको तथ्य सङ्कलन गरिएको छ। द्वितीय सामग्री स्रोतका रूपमा भाषिक योजना र लिपि विकास, भाषिक विलुप्तिकरण अनि भाषिक पुनरूत्थानबारे सैद्धान्तिक आधारलाई यस अध्ययनमा लिइएको छ। अतः यस शोधकार्य निगमनात्मक साथै आगमनात्मक शोध पद्धतिद्वारा गरिएको छ। यस शोधका लागि नेपाली लेखन शैली र युनिफाईड स्टाईल सिटलाई आधार मानिएको छ। भाषा वैज्ञानिक तथ्याङ्क, कोटि, सूचक आदिलाई अन्तराष्ट्रीय ध्वनितात्त्विक वर्णमाला तथा लिप्जिक ग्लसिङ रुल्समा प्रस्तुत गरिएको छ।

**१.९. शोधको अनुमानित रूपरेखा**

प्रस्तुत शोधलाई निम्नलिखित अध्यायमा विभाजन गर्न सकिन्छ।

१. पहिलो अध्याय : शोधको परिचय

२. दोस्रो अध्याय : भुजेल जातिको भाषा अनि संस्कृति

३. तेस्रो अध्याय : भाषिक अभिवृत्ति र भाषिक योजना र भाषिक पुनरूत्थानको परिचय

४. चौथो अध्याय : भुजेल भाषाको लिपिकरण

५. पाँचौ अध्याय : निष्कर्ष

# दोस्रो अध्याय

# भुजेल जातिको भाषा अनि संस्कृति

## २.१ भुजेल जातिः परिचय

भुजेल एउटा जातिगत समुदायलाई जनाउने शब्द हो।"भुजेल जाति हिमालय पर्वत श्रृंखलाको दक्षिण पहाडतिर बसो-बासो गर्ने एक पहाडी जन-जाति हो। जो किराती मूलमा पर्दछ" (भुजेल २०१४: १)।

किराँतीहरू करनाली, गण्डकी अनि कोशीका भू-भागमा आर्यहरू आउनु भन्दा अघि नै बसोबास गर्दै आएका थिए। यी किराँतीहरूको भाषिक अनि शारीरिक समानता मोन, खमेर, थाई, फिलिपिनी अनि इण्डोनेशियाईहरूसँग थियो। त्यसपछि तिब्बती-बर्मेली उत्तर पूर्वबाट आए भने आर्यहरू दक्षिण-पश्चिमबाट आए (पोखरेल, पृष्टः ४३)। यस किसिमले मध्यकालसम्म (८८०-१४८२A D) हिमालयका दक्षिण पहाडी भेकका प्रदेशहरू मंगोल उद्गमका राजाहरूद्वारा शासन गरिएको थियो। हिमालय पर्वत श्रृंखलामा अवस्थित धौलागिरी पर्वतको दक्षिण-पश्चिम भेकमा निसी-भुजी भुजेल जातिको राज्य थियो, जसमा भुजी वंशका बाइस राजाहरूले सन् ८८५ देखि सन् १३१५ सम्म शासन गरे (भुजेल २०१४:६)। यो राज्यको ग्रृष्मकालीन राजधानी भुजीकोट थियो भने शीतकालीन राजधानी अर्नाकोट थियो। यो स्पष्ट छ कि भुजीकोटको भुजी वंशबाट नै भुजेल भएको हो। निम्न पद्यले पनि भुजेलहरूको उद्गम स्थलको रूपमा भुजीकोट तिर नै सङ्केत गर्दछ।

"निसी खोला भुजीकोट

दर्म्या बेंसी भरपागम

अंधेरी खोल्सा पानी पंधेरा

भान्सा भई आएको

सामल साखा मन्सा खास भर्साई" (भुजेल २०१४: १)।


भुजेल जाति लडाकु थिए। दह्रा भुजा वा बाहु भएका यी जातिहरूले युद्धमा प्रयोग गर्ने खुकुरी झैं हतियारलाई भुजेली भन्ने गरिन्छ। यसै प्रसङ्गलाई अघि राख्दै योगी नरहरिनाथले यस जातिलाई भुजेल भनी चिनिएका हुन् भन्ने मत व्यक्त गरेका छन् (भुजेल २०१४: १)। मानवविज्ञानी (मोरिस,१८३६: ७४०)-को मतानुसार भुजीखोलाको दुवै तर्फ यी जातिका राज्य अनि बसोबास थियो अनि त्यही ठाउँको नामको कारण उनीहरूलाई भुजेल भनेर चिनियो भनेका छन्। भुजेलहरूको बसोबासबाट नै उक्त खोलाको नाउँ भुजी र ठाउँ भुजीकोट भएको पनि मानेका छन्। उनले भुजेल जातिलाई मध्य एशियाका मंगोलीय जातिका वंशज मानेका छन्। भुजेल जातिले वर्तमान नेपालको भुजीखोलाको दुवै तर्फ राज्य स्थापित गरे भन्ने मत उनको रहेको छ। भुजेलहरूको बसोबासबाट नै उक्त खोलाको नाउँ भुजी र ठाउँ भुजीकोट भएको हुन सक्छ। भुजेलहरू आफुलाई प्हूःगाल भन्दछन्। मोरिसले प्हूःगाल शब्द मुःगाल अथवा मङ्गगोलको व्युत्पत्ति मानेका छन् (मोरिस, १८३६)।

भारतमा भुजेलहरू पुस्तौंदेखि बसोबास गर्दै आएका छन्। भारतमा सिक्किम, दार्जिलिङ, आसाम, मणिपुर अनि उतराखण्ड आदि राज्यहरूमा भुजेलहरूको बसोबास रहेको छ। विशेष गरी सिक्किमका धेरै गाउँ अनि पश्चिम बङ्गालको दार्जिलिङ, कालेबुङ, डुवर्स र सिलगढी क्षेत्रमा उनीहरूको बाक्लो उपस्थिति रहेको पाइन्छ।

सङख्या गरिष्ठताका दृष्टिले सिक्किम र दार्जिलिङमा भुजेलहरू अल्पसङ्ख्यक छन्, जो राज्यको जातिय संरचनाको आधारमा पछौटे वर्गमा (OBC) पर्दछन्।

## २.२ भुजेल भाषाः परिचय

भुजेल जातिको आफ्नो भाषा छ, जसलाई प्हूगाल ङुर भन्दछन्। भुजेलमा 'प्हू' को अर्थ 'टाउको' र 'गाल' को अर्थ 'राजा' हुन्छ अनि 'ङुर' को अर्थ 'बोली' हुन्छ। अर्थात् प्हूगाल ङुर भन्नाले राजा वा मुखिया आदिको वा आदिले बोलेको भाषा भन्ने बुझिन्छ। भुजेल भाषा भोट बर्मेली परिवारको बोदिक हिमाली शाखाअन्तर्गत मध्य हिमाली उपशाखाको भाषा हो भन्ने मत रहेको छ। रेग्मी (२०११:१) अनुसार नेपालको पूर्वी किराँती भाषाहरूमा जस्तै जटिल क्रियापद भेटिएकाले भुजेल भाषालाई पनि पूर्वी हिमाली उपशाखाको किराँती समूहमा राखिएको छ। यसलाई तलको रेखाचित्रमा देखाउने प्रयास गरिएको छ-




उक्त वर्गीकरण बाहेक अन्य वर्गीकरणमा भुजेललाई बेग्लै स्थानमा राखिएको पाइन्छ। ब्रडलीले (२०००) भुजेल भाषालाई चेपाङ-भुजेली-बनाकरिया समूहअन्तर्गत पश्चिमी हिमाली उपशाखाको भोट-बर्मेली परिवारको एउटा भाषा मानेका छन्। भ्यान ड्रिमले (२००१) भुजेललाई चेपाङ्गको एउटा भाषिका मानेका छन्। यद्यपि ग्रियर्सनको भारतीय भाषा सर्वेक्षणमा (१९०१) भुजेल भाषाबारे कुनै चर्चा गरेको थाहा लाग्दैन।

एथ्नोलगमा (२००७) भुजेल भाषालाई आइएसओ (ISO639-3) र [byh] कोड दिएको छ। यस भाषालाई भुजेल, भुजल, बुजेली, बुझयाल, घर्ती र पश्चिम चेपाङ आदि

नामले पनि सम्बोधन गरिन्छ भन्ने जानकारी एथ्नोलगमा पाइन्छ। युनेस्कोद्वारा जारी गरिएको विश्वका लुप्तप्रायः वा विलुप्त हुन लागेका भाषाहरूको एट्लसमा(Atlas,२०११) पनि भुजेललाई चेपाङकै भाषिकाको रूपमा राखिएको छ। उक्त दस्तावेजमा भुजेल भाषालाई पूर्णरूपले लुप्तप्रायः हुन लागेको भाषा मानिएको छ। लुप्तप्रायः भइसकेको यस भाषा र भाषिक समुदायका विभिन्न नाम पाइए तापनि यस जाति र भाषालाई भुजेल नामले नै  प्रमुख रूपले चिनिने गरिन्छ।

## २.३ भुजेल जातिको संस्कार -संस्कृति

कुनै पनि जातिको आफ्नै अक्षुण्ण संस्कारगत परम्परा रहेको हुन्छ। भुजेल जातिको आफ्नै संस्कार-संस्कृति दीर्घकालीन रहेको छ। यद्यपि वर्तमान समयमा  भुजेलहरू अन्य जाति सरह भुजेल जातिको संस्कार-संस्कृति पनि ह्रासोन्मुख अवस्थातर्फ लागेको थाह लाग्दछ। सामाजिक अन्तर्मिश्रण, जातीय वैवाहिक, धार्मिकता आदिका कारणले संस्कृतिमा परिवर्तन आएको देखिन्छ। तथापि यस्ता परम्परागत धरोहरलाई बचाउँन सचेत प्रयास पनि भइरहेको छ। भुजेल जातिमा संस्कारगत रीति-थीतिको परिचय तल प्रस्तुत छ।

### २.३.१ गर्भधारण अनि जन्म

भुजेल जातिमा महिलाले गर्भधारण गरेपछि खासै बारणा गर्ने चलन छैन। तर सुत्केरी भइसकेपछि र सालनाल काटिसकेपछि सुत्केरीलाई छुनु हुँदैन भन्ने प्रथा रहिरहेको छ। नानी जन्माउने कार्यमा भने सुडेनीको सहयोग लिइन्छ। सकेसम्म स्वजाति सुडेनी लगाउने चलन छ। नानी जन्मी सकेपछि नाल काट्नु अघि पितृलाई धुप-धुँवार गरिन्छ। नाल काटिसकेपछि सुतक लाग्छ भन्ने प्रथा रहेकाले यसो गरिएको हो भन्ने मान्यता रहेको पाइन्छ। नानीको नाल काटी सालनाल कुनै सुरक्षित स्थानमा गाड्ने अथवा नानीलाई

प्रशस्त दुध आवस् भनी साललाई लुगाले बेरी दुध आउने रूखमा झुन्ड्याइन्छ।

नाल काटेपछि सुत्केरीलाई तोरीको तेलमा गोबर मिसाएर उमालेको तेलबाट गोबर चालेर  उमालेको तोरीको तेल अलि-अलि गरी तीन पल्ट खुवाइन्छ। तेल खुवाएको लगभग एक घण्टापछि सुत्केरीलाई कुखुरा र मसलाको सिरूवा, भात, जाँड आदि पोसीलो खाने कुरा प्रशस्त मात्रामा खुवाइन्छ। सुत्केरीलाई अगेनाको नजिक राखिन्छ। नानी जन्मिएको तीन दिनसम्म सुतक बार्ने चलन छ।

## २.३.२ न्वारान

जन्मेको तीन दिन पछि न्वारान गरिन्छ। न्वारान नगरी सुतक हट्दैन। न्वारान गर्ने दिनमा गोबर माटोले घर लिपिन्छ अनि नानी र आमा दुवैलाई नुहाई-धुवाई गरी बाहिर निकालिन्छ। त्यसपछि सुडेनी अथवा घरको मूलीद्वारा सुन-पानी छर्केर सुत्केरी तथा घर चोख्याउँने चलन छ। यसपछि घरको छोरीले नानीको गला, कम्मर, हात अनि खुट्टामा हर्दीले रङ्ग्याएको धागो बाँधी दिन्छन्। विशेष गरी घरको ज्वाइँ-भान्जाद्वारा कार्य शुद्ध गरिन्छ। ज्वाइँ-भान्जाद्वारा 'ल्हो'  वा वर्ग विचार गरी नानीको नाम जुराउने गरिन्छ। ज्वाइँ वा भान्जा नभएको खण्डमा कुलको फोरो (धामी) अथवा घरको मूलीले नाम जुराउने गर्छन् । भुजेलहरूले प्रायः नानी जन्मेको बार (दिन)-को आधारमा नाम जुराउने गर्दछन्। यसरी नाम जुराएपछि उक्त नाम नानीको कानमा बिस्तारै भनिदिने चलन छ। नाम जुराई सकेपछि सुडेनीलाई जाँड, रक्सी,  मासु, भात तथा अन्य खान-पान खुवाइन्छ अनि कृतज्ञता स्वरूप एक सरो जातीय पोशाक भेट गरिन्छ। तीन दिनमा नजुरेको खण्डमा नानीको न्वारान पाँच, सात वा नौ दिनमा पनि गरिने चलन छ।

### २.३.३ भात खुवाई

भुजेल जातिको संस्कारमा छोरीको पाँच महिना र छोराको छ महिनामा भात खुवाई गरिन्छ। भात खुवाई कार्यमा विशेष गरी कुललाई धुप लगाइन्छ। पाकेको सबै खाद्य सामग्री धुप हाल्दै पितृलाई चढाइन्छ अनि चढाइसकेपछि सबै भन्दा पहिला नानीलाई दुध-भात, मासु चखाई दिने चलन छ। यसपछि घरको बाबु-आमा अथवा मूलीले नानीलाई आशीर्वाद दिने काम गर्दछन्। भात खुवाई कार्यमा मासु हुनै पर्छ भन्ने प्रथा भुजेलको परम्परादेखि चलि आएको संस्कार हो। त्यसदिन मामाको हातबाट नानीलाई चाँदीको बाला लगाईदिने चलन छ। भात खवाईको दिन सुडेनीलाई बोलाएर मिठो-मिठो खाने कुरा दिई खुशी पारिन्छ। त्यस दिन गाउँ-घर, छर-छिमेकीलाई आमन्त्रित गरी भोज खुवाउने चलन छ।

### २.३.४ छेवार

छोराको उमेर तीन, पाँच, सात वा नौ कुनै पनि बेजोड बर्ष पुगेपछि छेवर गरिन्छ। छोराको कपाल खौरिदिने अनि खौरिएको कपाल कतै सफा स्थानमा राख्ने चलन छ। छेवर गरेको बालकलाई नयाँ टोपी र नयाँ लुगा लगाई दिने चलन छ। यस कार्य सम्पूर्ण रूपले नानीको मामाद्वारा गरिन्छ। यसरी नै छोरी भएमा सात बर्षको उमेर पगेपछि अथवा त्यसपछि कुनै बिजोड बर्षमा नाक-कान छेंड्ने कार्य गरिन्छ। आमाद्वारा छोरीलाई नयाँ बस्त्र दिने गरिन्छ। यदि आमा नभए मामाले अनि आफ्नै मामा नभए एउटा बनावटी मामाले बस्त्र दिने चलन छ। छोरीको नाक-कान छेंड्ने अनि नयाँ बस्त्र दिने कार्य साधारण रूपमा गरिन्छ।

### २.३.५ रजस्वला

भुजेल जातिमा महिलाहरूले आफुलाई रजस्वला भएको कुरा अरूलाई थाह दिने चलन रहेको पाइन्न। रजस्वला भएको समयमा बार्ने वा परिवारबाट अलग रहने चलन भुजेल जातिमा पाइन्न। नबार्ने भएकाले कसलाई कहिले रजस्वला भयो भन्ने केही थाहा हुँदैन। यस्तो अवस्थामा पूजाआजाबाट भने भुजेल जातिका महिलाहरू आफै अलक हुने गर्छन्। प्रथम रजस्वला भएपछि यस जातिका छोरीहरूलाई विवाह योग्य मानिन्छ तर विवाहको कुनै निश्चित उमेर भने तोकिएको हुन्न।

## २.४. वैवाहिक संस्कार

भुजेल जातिमा प्रचलित विभिन्न संस्कारहरूमध्ये विवाह एक महत्त्वपूर्ण संस्कार हो। परम्परागत रूपमा भुजेलहरू आफ्नै जातिमा वंश अन्तर पारेर विवाह गर्ने चलन भुजेल जातिमा पाइन्छ। यस जातिमा एउटै थर/उपथर भित्र विवाह हुँदैन। भुजेल जातिको वैवाहिक संस्कारमा एउटा आफ्नै जातीय विशेषता छ। फुपूको छोराले मामाको छोरी विवाह गर्ने प्रथा परम्परागत रूपमा मान्य रहेको पाइन्छ। यस नियमबारे एउटा यस्तो उक्ति पनि पाइन्छ- "मामाको छोरी रोजी फुपूको छोरो खोजी" (भुजेल २०१४: २८)। तर आजभोलि यस प्रकारको विवाह छोड्दै लगेको पाइन्छ।

यस जातिमा मागी र भागी यी दुई प्रकारको विवाह धेर जसो प्रचलित पाइन्छ। विधवा तथा जारी विवाहलाई भुजेल समाजले स्वीकार्ने गरेको परम्परा छ। पुरूषहरूले एक भन्दा धेर विवाह गरेको अनि स्त्रीहरूले एक भन्दा बेसी पति राखेको थाह नलागेकाले भुजेल समाज पुरूष प्रधान समाज रहेको सम्भावना देखिन्छ।

## २.४.१ मागी विवाह

भुजेल जातिमा मागी विवाह गर्ने चलन पनि छ। यस जातिमा केटाको विवाह गर्ने उमेर भएपछि मिल्दो-जुल्दो साइनो नलाग्ने केटीको खोजी हुन्छ। केटी ठम्याउने कार्य भएपछि माग्न पठाइन्छ। कलियाको अगुवाई विशेष गरी जुवाइँ/भान्जाले गर्ने चलन छ। यस जातिमा केटी माग्न जाँदा कलिया केटीको घरमा साँझतिर पुगेर "परदेशी हौ बास पाइएला कि÷ भन्दै जाने चलन छ।" यही मौकामा कलियाले केटीको बाबु-आमालाई औपचारिक रूपमा बात मार्दै पुङ (एक मानादेखि चारमानासम्म जाने काठको भाँडामा रक्सी) राख्छन् र आफू कन्यार्थमा आएको भन्ने सबै कुरो जाहेर गर्दछन्। यदि केटीको अभिभावकले छोरी दिने विचार भए राखेको पुङलाई केटीको बाबुले खोल्छन् र त्यहाँ भेला भएका सबैलाई सगुनको रूपमा दिन्छन्। यदि छोरी नदिने विचार भए त्यो पुङ छोरीको बाबुले छुँदैनन्। यसरी पुङ अस्वीकार भएको खण्डमा केटी नदिने पक्का हुन्छ र कलिया त्यो पुङ लिएर घरतिर फिर्ता दिन्छन्। तोकिएको मितिमा केटा पक्षले पुनः जोर पुङ लिएर जाने चलन छ। मङ्नीको पुङ खाएपछि त्यसै समयमा नै विवाहको दिन तोक्न पनि सकिन्छ। यदि यस्तो भएमा तत्काल जोर पुङ बन्दबस्त गर्नु पर्ने हुन्छ। जे भए पनि मङ्नी पछि कम से कम एक पटक जोरपुङ अनिवार्य हुन्छ अनि त्यस पछि छाङरा (साइमुन्द्री) लगाइन्छ। छाङरा भन्नाले केटी पक्षले मागेको रीत हो। छाङराको दस्तुरमा खसी, भेडा, जाँड, रक्सी इत्यादि हो। भुजेलको यस कर्मको दस्तुरमा एउटा पुङ र एक रूपियाँ पैसा पनि राख्नु पर्छ। पुङ र एक रूपियाँ भुजेलको दस्तुरमा छाङराको अन्तिम दस्तुर हो। यदि छाङराको अन्तिम दस्तुर सम्पन्न हुनपूर्व कुनै पनि पक्षले विवाह अस्वीकार गरेमा सामाजिक नियमको आधारमा दण्ड भोग्नु पर्दैन तर छाङराको अन्तिम कर्म पुरा भएपछि केटा-केटी दुवै पक्षबाट विवाह अस्वीकार गर्न मनाही छ। यदि कुनै एक पक्षले अस्वीकार गरेमा सामाजिक नियमको आधारमा दण्ड भोग्नु पर्ने हुन्छ।

छाङराकै दिन विवाहको मिति तोकिन्छ। जुन दिन विवाह तोकिन्छ त्यस दिन ज्वाइँ अथवा भान्जाको अगुवाईमा बेहुला जन्ती लिएर बेहुलीको घरमा पुग्छन्। नियम अनुसार जन्ती जाँदा बाजा-गाजाको साथमा बन्दुक पड्काउँदै जाने पनि गरिन्छ। भुजेल जातिमा जन्ती जाँदा एक ठेकी दही, एक लाँक्रा उखु, एक खापो पाकेको केरा, एक पेरूङ्गो रोटी, एउटा भाले, बाह्र रूपियाँ पैसा र एउटा भाला बोकेर ज्वाइँ अथवा भान्जा अघि हिँडनु पर्छ। भालामा एउटा रातो ध्वजा बाँधेको हुनु पर्छ। त्यस बाहेक एक सोली (बाह्र विसा अथवा बाह्र जना भुजेललाई बिसको दरले जम्मा दुई सय चालिसवटा सेल रोटी अनि बेहुलीको लागि एक सोली लुगा-फाटा र गर-गहना गरेर जम्मा चारसोली कोसेली चारवटी कन्याकेटीलाई बोकाएर लैजाने चलन छ। बेहुलीको घर पुगेपछि सबैलाई एकै ठाउँमा जम्मा गरी बत्ती बालिन्छ अनि पानी छर्केर जन्ती चोख्याउने चलन छ। त्यसपछि बेहुला पक्षबाट ल्याएको चारसोली कोसेली बेहुलीको आमा-बाबुलाई भेट गरिन्छ। खान-पान पछि बेहुला पक्षबाट ल्याएको सम्पूर्ण सामग्रीलाई घरको मुल ढोकाको छेउमा भएको खाँबामा बाँधेर कलिया त्यही उभिरहनु पर्छ। यसरी बेहुली पक्षले मागेको सर-सामान सही रूपमा हुनुपर्ने नियम रहेको पाइन्छ। यदि कुनै सामान वा भेट कोसेली घट-बड भएमा भुजेलको सामाजिक नियम अनुसार दण्ड तिर्नु पर्ने हुन्छ। केटी पक्षले ढोकाबाट भित्र नबोलाएसम्म दुल्हापक्ष ढोकामानै कुरी बस्नु पर्छ। भित्र बोलाए पछि मात्र ती अन्य भेट स्वरूप ल्याएको कोसेली बेहुलीको आमा-बाबुलाई सुम्पिने चलन छ। अघि-अघि रातभरि कुरेपछि बिहानमात्र भित्र बोलाइने गरिन्थ्यो तर हिजोआज एकदिने विवाहको चलन भएकाले धेरैबेर ढोकामा कुराउने चलन हराउँदै गएको छ। यसरी सबै सर-समान जाँचबुझ गरेपछि कलिया, बेहुला-बेहुली र लोकन्तेलाई एउटै आसनमा बस्न लगाइन्छ अनि ढोग-भेट फुकाउने कर्म-काण्ड सम्पन्न गरिन्छ। सर्वप्रथम बेहुलीको आमा-बाबु त्यसपछि क्रमैसँग आफन्तहरूले दही र चामलको टिका लगाइदिने चलन छ। ढोग-भेटको समयमा अन्य निम्ताहरूमाझ खान-पान तथा नाँच-गान चलिरहेको हुन्छ। भुजेल

जातिमा दुल्हा पक्षका ठिटा र दुलही पक्षका ठिटीहरूबीच जुवारी (दोहोरी) खेल्ने चलन पनि छ। ढोग-भेट फुकाउने कर्म-काण्ड सकिएपछि बेहुलीलाई बिदा गरिन्छ। जन्तीले ल्याएको भालामा सेतो ध्वजा बाँधेर फिर्ता दिइन्छ। यी सबै कर्म-काण्ड सकिएपछि बेहुली लिएर जन्तीसहित बेहुला आफ्नो घर फर्कन्छ। घर आइपुगेपछि बेहुली भित्र्याउँने कार्य हुन्छ। बेहुलाको घरको मूल ढोकाको दुवैतिर पातिको सिन्का गाडेर धागो तीन दोब्बर पारेर टाँगिन्छ। यस कार्य सम्पादन गर्दा धान, चामल, दुईवटा रातो भाले, एक बिटा तितेपातीको दाउरा, दुईवटा तितेपातीको लिङ्गा, अलिकति आलो गोबर, एउटा दियोबत्ती, धागो आदि चाहिन्छ। सबै भन्दा पहिला आगनमा तितेपातीको दाउरा जलाइन्छ, जहाँ बेहुला र बेहुलीले पूर्वपट्टि फर्केर चामल र पातीले पूजा गर्दछन्। त्यसैबेला घरको ज्वाइँ अथवा भान्जाले एउटा भाले काटेर त्यो बल्दै गरेको आगोमा भोग दिन्छन्। त्यसपछि मूल ढोकाको सङ्घारमा गोबरले लोटाइन्छ र गोबरको एक-एक डल्ला ढोकाको दुवै पट्टि राखिन्छ अनि गोबरको डल्लामा तितेपातीको लिङ्गा गाडेर ढोकाको दुवैतिर खडा गरिन्छ र तीनसरो धागो ती दुई लिङ्गा बिच टाँगिन्छ। दाहिनेपट्टिको लिङ्गामा दियो अनि देब्रेपट्टि कलश राखिन्छ। यस स्थानमा बेहुली अघि आएर सङ्घारलाई ढोग गरी धागो चुँडाएर दियो हातमा लिएर घरभित्र प्रवेश गर्ने चलन छ। यसरी नै बेहुलाले पनि कलश लिएर संङ्घारलाई ढोग गरी घरभित्र प्रवेश गर्ने चलन छ। घर प्रवेश गर्दै-गर्दा घरको ज्वाइँ अथवा भान्जाले अर्को भाले काटेर सङ्घारमा रगतको रेखा बनाउने चलन परम्परागत रूपमा भुजेल जातिमा चली आएको छ। आँगनमा काटेको भाले बाहिर भान्सामा र सङ्घारमा काटेको भाले भित्र भान्सामा चलाइने प्रथा छ।

यसरी घरभित्र प्रवेश गरेपछि बेहुला र बेहुलीले एका-अर्काको निधारमा क्रमैले रातो चन्दनको टिका लगाउने चलन छ। यति गरेपछि उनीहरूले पति-पत्नीको रूपमा सामाजिक मान्यता प्राप्त गर्दछन्। बेहुलापट्टिको आमा-बाबु अनि आफन्तजनले बेहुला र बेहुलीलाई दही र चामलको टिका लगाउँदै आशिष दिने चलन छ। टिका-टालो

सकिएपछि बेहुला र बेहुलीलाई सङ्घारमा काटेको भालेको मासुसित भात खान दिइन्छ। निम्तारूहरूलाई बेहुलाको औकात अनुसार राँगा, भेडा, खसी अथवा कुखुरा काटेर जाँड-रक्सी सहित भोज खुवाइन्छ। यद्यपि विवाहको दिन काटेको भालेको दाहिने फिला भने भोजमा प्रयोग गरिन्न यसलाई अलग्ग राखिन्छ। भोज सकिएपछि बेहुलापट्टिको विवाहको कर्म-काण्ड पनि समापन हुन्छ। भुजेल जातिमा विवाह सम्पन्न गराउनुमा ज्वाइँ अथवा भान्जाको सक्रिय भुमिका रहेको हुन्छ। विवाह सकेको तीन दिनदेखि सोह्र दिनभित्रमा बेहुलीलाई बेहुला, ज्वाइँ वा भान्जा र एउटी कन्याकेटीको साथ लगाएर माइत पठाइन्छ। माइत जाँदा दस-बाह्र बोतल रक्सी, चालीस-पचासवटा जति सेल रोटी, माइता घरको प्रत्येक सदस्यलाई एकमानाको दरले चामल र रून्चे फिला (विवाहको दिन काटिएको भालेको दाहिने फिला) लैजानु पर्छ। यस रीतलाई 'धुलो फर्काउने' भनिन्छ। धुलो फर्काउन जाँदा छोरीलाई माइतमा एकरात मात्र बस्न दिने चलन रहेको छ। धुलो फर्काएको भोलिपल्ट लगत्तै बीस-तीसवटा रोटीको कोसेली हालेर छोरीलाई बिदा गरिन्छ।

## २.४.२ भुजेल जातिमा भागी विवाह

भुजेल जातिमा भागी विवाहको चलन पनि रहेको छ। विवाह गर्न योग्य आपस्तमा प्रेम सम्बन्धमा रहेका युवा-युवतीले आफ्नो बाबु-आमाको सहमति बिना नै विवाह गरेमा त्यसलाई भागी विवाह भनिन्छ। आजभोलि भागी विवाह भुजेल समाजमा बढी प्रचलित पाइन्छ। यस किसिमको विवाहमा केटाले केटीलाई भगाएर ल्याएपछि त्यसै दिन बेहुली भित्र्याउँने कार्य सम्पन्न गरिन्छ। बेहुली भित्र्याउँने कार्य मागी विवाहमा जस्तै विधि-विधान अनुसार गरिने चलन छ। यसै दिन बेहुलाको घर, छर-छिमेकी, आफन्त बोलाएर योग्यता अनुरूप भेंडा, बाख्रा, कुखुरा जे छ त्यही काटेर सानो तिनो भतेर भोज खुवाइन्छ। यसरी बेहुली भित्र्याएको तीन दिनपछि बेहुलाको ज्वाइँ अथवा भान्जा जो भए

पनि एक जना साथी लिएर बेहुलीको आमा-बाबुलाई सूचना दिन पठाइन्छ। सूचना दिन जाँदा बेहुलाले पठाएको भुजेलको पारम्परिक दस्तुर अनुसार जोर पुङ र रून्चे फिला लिएर जानु पर्छ। केटी पक्षका आमा-बाबुले रून्चे फिला र जोर पुङ स्वीकार गरेन भने सोधनीमा जाने कलियाहरूले रून्चे फिला र जोर पुङ जस्ताको त्यस्तै बेहुलाको घरमा फर्काउछन्। केटीको अभिभावकले जोर पुङ र रून्चे फिला स्वीकार गरे भने विवाह रूचाएको बुझिन्छ अनि बाटो फुकाउने दिन तय गरिन्छ। यदि भागी विवाह अस्वीकार भएको खण्डमा माइतमा फेरि कहिले सम्पर्क नगर्ने पनि चलन रहेको छ। बाटो फुकाउने तोकिएको दिनमा ज्वाईं अथवा भान्जाको साथमा बेहुला-बेहुली जानु पर्छ। तोकिएको दिनमा पारम्परिक दस्तुर अनुसार रक्सी, रोटी, मासु आदि सौगात लिएर जानु पर्छ। भगाएर विवाह गरेको कारणले चोरीदण्ड तिर्नु पर्दछ। बाह्र भुजेलको नियम अनुसार चोरीदण्डका रूपमा ६१ रूपियाँ तिर्नु पर्ने हुन्छ। सो कार्य समाप्त भएपछि त्यसै दिन बेहुली र बेहुलापट्टिका आफन्तहरूको ढोग-भेट फुकाउने कार्य पनि सम्पन्न गरिन्छ। बेहुलीको माइती पक्षले मागी विवाहकै रीत पुऱ्याएर विवाह सम्पन्न गर्ने चलन पनि भुजेल जातिमा छ। यसरी बाटो फुकाएपछि धुलो फर्काउने कार्य मागी विवाहमा जस्तै हुने गर्दछ।

नियम अनुसार भुजेल जातिमा अन्य जात-जातिसँग मागी विवाह हुँदैन। यदि कुनै भुजेल केटाले अन्य जातको केटी भगाई ल्याएमा अनि चल्दो-मिल्दो भएमा बेहुली भित्र्याउने कार्य मागी विवाहमा जस्तै गर्ने गरिन्छ। यस्तो विवाहमा भुजेल केटासँग विवाह गर्ने केटीको थर भुजेलको भन्दा अर्कै थर हुनुपर्छ। “यस किसिमको विवाहमा केटाले विवाह गर्ने केटीको आफ्नै जात-थर कायम रहँदछ। भुजेल जातिमा परिवर्तन गरी रहनु आवश्यक पर्दैन। तर यस्तो स्थितिमा दुध चोख्याउने कर्म गर्नु पर्दछ। यदि यसो नगरिए यस्ता सन्तानले खाँटी भुजेलको उपाधि गुमाउनु पर्छ ” (भुजेल २०१४: ३४)। जब यस्ता सन्तानहरू आठदेखि दसवर्षका हुन्छन् तब बाह्र थुमका भुजेलहरूलाई निमन्त्रण

गरी दाल-भात अथवा ढिँडो दिइन्छ। "बाह्र भुजेलहरूको हातबाट दाल-भात, ढिँडो स्वीकार गरेको दिनदेखि तिनीहरू खाँटी भुजेलमा दर्ता हुँदछन्" । यसरी नै कुनै भुजेलको चेलीले अन्य जातको केटासँग भागेर विवाह गरेको खण्डमा केटा पक्षले जातदण्ड तिर्नु पर्ने हुन्छ। भुजेल जातिमा जातदण्ड बाह्र भुजेलको नियम अनुसार १२ रूपियाँ तिर्नु पर्छ।

मागी विवाह र भागी विवाह बाहेक भुजेल समाजमा छुटपुट रूपमा जारी विवाह पनि गर्ने चलन पाइन्छ। अर्काकी स्वास्नी भगाएर गरिने विवाहलाई जारी विवाह भनिन्छ। यस प्रकारको विवाहमा पहिलो लोग्नेलाई दोस्रो लोग्नेले खर्च दिनु पर्ने हुन्छ, जसलाई जारखत भनिन्छ। भुजेलको परम्परागत नियम अनुसार जारखतको रकम एकको एक्काइस भनेर एक्काइस रूपियाँ उठाउने नियम थियो तर आजभोलि समयको हिसाबमा पहिलेको लोग्नेको विवाह खर्चको आधारमा जारखत उठाउने गरिन्छ। यसरी नै विवाह गरेकी छोरी माइतबाट अन्य पुरूषसँग गएको खण्डमा माइतीले पहिलो लोग्नेलाई केही रूपियाँ बुझाउनु पर्ने हुन्छ। उक्त रकमलाई बासखत भनिन्छ। बासखत दिएपश्चात माइतीले चेली गएको बाटो पनि देखाइ दिनु पर्छ।

## २.४.२ सम्बन्ध बिच्छेद्

वैवाहिक सम्बन्ध बिच्छेद् भएमा भुजेल जातिमा रहेको परम्परागत विधि विधानलाई अपनाउने चलन रहिआएको छ। परम्परागत विधि विधान अनुरूप नै सम्बन्ध बिच्छेद् गर्ने गरिन्छ। विधि विधान अनुसार सर्वप्रथम माइती तथा केटा पक्षका गन्यमान्यहरूको सभा बस्दछ। सभामा कुन पक्षले सम्बन्ध बिच्छेद् गर्न चाएको हो त्यस कुराको निक्यौंल गरिन्छ। यदि स्वास्नीले मन नपरेर सम्बन्ध बिच्छेद् गर्न चाहेको खण्डमा श्रीमानले मन बुझाउनु पर्ने हुन्छ। यदि श्रीमानले मन नपराएर सम्बन्ध बिच्छेद् गर्न चाएको खण्डमा श्रीमतीले मन बुझाउनु पर्ने हुन्छ। जसले सम्बन्ध बिच्छेद् गर्नु चाहेको हो, उसले

अर्कोलाई तोकेको खर्च भर्नु पर्ने हुन्छ। भुजेल समाजले निक्यौंल गरेपछि कागज-पत्र बनाई सही छाप गरिन्छ। समाजले गरेको निर्णयलाई अन्तिम निर्णय मानिन्छ। आजभोलि समाजले गरेको निर्णयलाई दुई पक्षले चित नबुझाए सरकारी कचहरी जाने चलन पनि रहेको पाइन्छ।

## २.५ भुजेल जातिमा मृत्यु संस्कार

कुनै पनि व्यक्तिको देहावसान भएपछि उसको आत्मशान्तिको निम्ति गरिने संस्कारगत कार्यलाई मृत्यु संस्कार भनिन्छ। भुजेलहरूमा मृत्यु संस्कारको विधि आफ्नै पाराले गर्ने चलन छ। भुजेल समाजमा कुनै व्यक्तिको मृत्यु भएपछि लाशलाई घर बाहिर आँगनमा ल्याइन्छ अनि मरेको लाशको टाउकोलाई घरको मूल दैलो तर्फ फर्काइन्छ। लाशलाई सेतो कपडाले बेह्री बाँसको दुई घारामा बाँधिन्छ र नजिकैको खोलामा जलाउने अथवा नजिकैको कुनै ठाउँमा गाड्ने गरिन्छ। भुजेल जातिको परम्परागत नियम अनुसार लाशलाई गाड्ने चलन छ। यद्यपि लाश गाड्ने वा जलाउने बारे निर्णय मृतकको इच्छामा निर्भर गर्दछ। मृतकले मर्न अघि कुनै यस प्रकारको इच्छा राखेको छैन भने घरको मूलीको निर्णय अनुसार दाह संस्कार गरिन्छ। यद्यपि मृतकले अगावै गाड्ने वा जलाउने इच्छा राखेकोमा उसको इच्छा अनुरूप संस्कार गरिन्छ। मृतकको शरीर अन्य जातिले छुनु हुँदैन भन्ने धारणा पारम्परिक रूपमा भुजेल जातिमा रहिआएको छ। कसैको मृत्यु भएकै दिन सबै आफन्त घरैमा छन् भने त्यसै दिन दाहसंस्कार गरिन्छ। यदि अबेर मृत्यु अनि आफन्त टाडामा रहेका छन् भने मात्र भोलिपल्ट दाहसंस्कार गरिन्छ। जबसम्म लाश जङ्गल लाने बन्दोबस्त हुँदैन तबसम्म मृतकको लाश मृत्यु भएकै ठाउँमा राखिन्छ। लाश जङ्गल लाने बन्दोबस्त भएपछि सर्वप्रथम लाशलाई काँध हाल्ने काम आफ्ना छोराहरूले गर्छन् अथवा छोरा नभएको खण्डमा दाजु-भाईले बोकी घाटतर्फ हिँड्नु पर्दछ। लाशसँग एकमाना चामल र दुईवटा पैसा लानु पर्छ। चुनिएको जग्गामा एउटा

पैसा राखेर खाडल खनिन्छ। लाशलाई खाडलमा हालेपछि सबै मलामीहरूले एक-एक मुठी माटो दिन्छन्। यसलाई मट्टी दिनु भनिन्छ। यसपछि लाश पुर्ने काम हुन्छ। लाश जति पुरिन्दै जान्छ उति त्यो तितेपातिको लिंगा उच्चालिन्दै जानुपर्छ। लाश पुरिसकेपछि एक माना चामल र एउटा पैसा चिहानमा मृत्तकको नाममा राख्ने चलन छ। यसपछि चिहानमाथि एउटा कुखुरा काटेर भोग दिने चलन पनि छ। तर आजभोलि भने कुखुरा काटेर भोग दिने प्रथालाई छोड्दै आएको पाइन्छ। आजभोलि इस्कुस, काँक्रा आदिलाई कुखुराको प्रतीक बनाएर भोग दिने चलन बड्दै गएको छ। यस कार्यको सम्पादन भुजेल जातिको ’फोहोरो (झाक्री) ले गर्ने गर्छन्। दाहसंस्कार कार्य सकिएपछि सबै मलामीहरू घर तर्फ फर्कन्छन्। मलामी फर्किंदा लामको अन्तिम व्यक्तिले त्यो तितेपातिको लिंगा फुत्त झिकेर चिहानमाथि फ्याँकी राख्ने गर्छन्। यदि लाश जलाउने भए डाँडा वा खोलामा लगेर जलाइन्छ। जलाउने ठाउँमा माटोले लिपेर एउटा पैसा राखिन्छ। लाश जलाई सकेपछि जलाएको ठाउँमा एक माना चामल र एउटा पैसा राखिन्छ अनि तितेपातिको लिंगा पनि त्यसरी नै फ्याँकिन्छ। त्यसपछि मलामीहरू खोलामा वा बाटोमा भेटिने धारातिर नुहाएर आफ्नो शरीर शुद्ध गर्छन्। मृत्तकको छोरा वा आफन्तले कपाल खौरी नुवाइधुवाइ गरी सेतो कपडाको "खाइराक र नायरा" (कमरदेखि उँधो भाग छोप्ने कपडा) लगाउँछन्। लाशमाथि ढाकेको सेतो कपडा मृत्तकको छोराहरूले बराबर भाग गरी टाउकोमा बाँध्दछन्। मलामीहरू मृत्तकको घरमा क्रियापुत्रीहरूलाई लिएर जान्छन्। क्रियापुत्रीहरूलाई राख्नको लागि लाश राखेको ठाउँमा एक कुनामा बारबेर गरी कोरा बनाइन्छ। त्यसपछि फोरोले मलामीलाई सुनपानीले चोख्याउँछन् अनि मलामीहरू आ-आफ्नो घर फर्कन्छन्। भुजेलहरूको अन्तिम कार्य सात दिनमा सम्पन्न गर्छन्। दोमासे, सुतक जस्ता कतिपय संस्कारको आवश्यकता रहेमा अन्तिम कर्मकाण्ड एक, तीन वा पाँच दिनमा पनि गर्ने चलन छ। कोरामा बस्ने क्रियापुत्रीहरूलाई कुनै पनि व्यक्ति वा पशुले छुनु हुँदैन। भुजेलको परम्परागत विधि-विधान अनुसार सात दिनमा कर्म-काण्ड गरिन्छ।

सात दिनसम्म कोरामा बस्ने अथवा आफन्तहरू नुन्, तेल, मसला बिनाको खाना खान्छन्। उक्त समयमा अलिनो भात, फल-फूल, कन्दमूल आदि खाने चलन छ। खाने कुरा क्रियापुत्रीले मृतकको नाममा चढाएर मात्र खानु पर्दछ। क्रियापुत्रीलाई ज्वाईं/भान्जा वा घरको कुनै अन्य सदस्यले चोखो गरी पकाएर दिने चलन पनि छ।

## २.५.१ भुजेल जातिमा शुद्धि कार्यको विधान

अन्य जाति सरह भुजेल जातिमा पनि मृत्यु संस्कारको शुद्धि कार्यलाई एउटा मुख्य कार्य मानिन्छ। शोक परेको घरमा कर्म काण्डको अन्तिम दिन शुद्धि कार्य गरिन्छ। यस कार्यको अन्तिम दिनमा घर लिपपोत गरिन्छ। भुजेल जातिमा पारम्परिक रूपमा शुद्धि कार्य गर्दा राँगा, सुंगुर वा भेंडा/बाख्रा जे भए पनि काटिन्छ। काटिएको पशुको दाहिने फिलालाई अलग्गै राखिन्छ। यस कार्यमा घर बाहिर मासु-भात, रोटी आदि पकाइन्छ। क्रियापुत्रीहरू मामासँग वा फोरोहोसँग धारामा गई कपाल खौरेर नवाई- धुवाई गरी नयाँ सेतो कपडा लगाउँदछन्। कोरा बस्ता लगाएको सेतो कपडा सबै पोको पारेर काँडा भएको रूखमा वा कसैले नभेटने स्थानमा राखिन्छ। यसपछि क्रियापुत्री घर फर्कन्छन् अनि घरभित्र फोहोरोले एउटा कुखुरा काटेपछि एक माना चामलको भात र कुखुराको मासु पकाइन्छ। पाक्दै गरेको कुखुराको मासुमा विवाह भएर गएको चेलीहरूले नुन् हाल्दछन्। त्यसपछि सुनपानीले सबै जना चोखिन्छन्। घरभित्र बाहिर सबैतिर चोखयाइन्छ। यसपछि घरको एक कुनामा केराको दुई-तीनवटा सलकी पात उल्टो पारेर ओछ्याइन्छ अनि विवाह भएर गएका चेलीहरूले कुखुराको मासु र भात केराको पातमाथि चढाउँछन्। त्यसपछि चेलीबेटी, आफन्त, छर-छिमेकीहरूद्वारा सम्पूर्ण सामग्री पातमा चढाइन्छ अनि चेलीहरूले कोरा बस्ने क्रियापुत्रीहरूलाई त्यो मासु र भात चखाएर जुठो फुकाउँछन्।अरू जुठो बार्नेहरूले पनि यसरी नै नुन् चाखेर जुठो फुकाउँछन्। यसपछि शुद्धि कार्यमा आउने सबै आफन्त, छर-छिमेकीलाई जाँड, रक्सी, भात, मासु र रोटी

आदि खुवाइन्छ। यी सबै खानपान सकिएपछि मृत्तकका छोरा अथवा क्रियापुत्रीहरूले बीस बोतल रक्सी, पचासवटा रोटी अनि चढाउँदा काटेको कुखुराको दाहिने फिला राखेर मामालाई अन्तिम कार्य समापन गरिदिनु बिन्ती गर्दछन्। यी चिजहरू मामाले लिएपछि क्रियापुत्रीलाई नयाँ ल्हुपो (टोपी), नयाँ लुगा, अनि निधारमा तेल घसेर रातो चन्दनको टिका लगाई दिन्छन्। जठो बार्नेहरू सबैलाई चन्दनको टिका लगाईदिने चलन छ। टिका लगाउने कार्य सकिने बित्तिकै मामा अनि विवाह भएर गएका चेलीहरूलाई बिदा गरिने चलन छ। त्यस रात चेलीहरू मृत्तक वा माइतीको घरमा बास बसेको खण्डमा फेरि अर्को जुठो लाग्छ भन्ने विश्वास भुजेल समाजमा रहेको छ। मामा अनि चेलीहरूलाई बिदा गरेपछि शुद्धि कार्य समापन हुँदछ। आजभोलि शुद्धि कार्यमा भुजेलहरूले पशुको भोग गर्न छोड्दै लगेको देखिन्छ। पशुबलीको प्रतीकस्वरूप कुनै फल-फूलको पशु बनाई बली दिने चलन बढ्दै गएको छ। शुद्धि कार्यको अन्तिम दिनको कार्य सकेपछि भुजेल जातिमा कुनै बारना गर्ने अनि अरू कर्म गर्ने चलन छैन। तर बर्ष दिनभित्रमा मृत्तक वायु हुन्छ भन्ने सङ्केत पाइयो भने उसलाई वायुथानमा विधिवत स्थापना गरिदिनु पर्छ। भुजेल जातिमा रहेको विश्वास अनुसार मृतात्माले यदि वायु हुन चाहेमा घरको मूली वा कुलको धाँमीलाई सपनामा सङ्केत दिन्छ भन्ने मान्यता रहेको छ। मृतात्माले वायु बन्न चाहेको थाह भएपछि उसलाई मङ्गसिर पूर्णे अघि काँचो वायु भनेर मान्नु पर्ने हुन्छ। काँचो वायु स्थापना गर्दा चोखो ठाउँमा सानो स्थान बनाएर एउटा अग्लो चुच्चो ढुङगा ठडयाइन्छ अनि मृत्तक पुरूष भए भाले अनि स्त्री भए पोथी कुखुरा काटेर त्यो ढुङ्गामा भोग दिइन्छ। त्यसपछि घरमा खानेकुरा जे छ सबै चढाइन्छ। त्यस काँचो वायुलाई सम्झाउने मन्त्र यस प्रकार छ- "आजदेखि तिमी काँचो वायु भयौ, तिमी आफ्नो ठाउँमा राजी बस। यस्तो काँचो वायुलाई मङ्गसिर पूर्णेको दिन कुलको वायुस्थलमा विधिपूर्वक लगेर अरू पाको वायुसँग राखिन्छ" (भुजेल २०१४:३७)। प्रत्येक वर्ष मङ्गसिर पूर्णेको दिन विधि विधान अनुसार पाको वायुको पूजा गरिन्छ। मङ्गसिर पूर्णेको दिन हुने वायु पूजा वा कुलपूजा नै

भुजेलहरूको पितृश्राद्ध हो भन्ने मान्यता रहेको छ।

## २.६ भुजेल जातिको चाड —पर्व

### २.६.१ वायुपूजा

गाउँघर, छरछिमेकी, आफन्त, भुजेल दाजु-भाई सबै मिली सामूहिक रूपमा उक्त पूजा गर्ने गरिन्छ।"मङ्गसिर पूर्णिमालाई भुजेल जातिले विशेष चाडको रूपमा मान्ने गर्छन् कारण वर्षेनी यस दिन वायु पूजा गर्ने गरिन्छ" (भुजेल २०१४:४४)। प्रत्येक घर-परिवारबाट यस पूजामा सहभागिता जनाइन्छ। उक्त पूजामा एउटा कालो बोको भोग गरिन्छ। प्रत्येक घरबाट खाद्य सामग्री सङ्कलन गरी पूजा स्थलमा राखिन्छ। पूजा स्थललाई गोबरले लिपेर पाको वायुलाई थानमा चढाइन्छ। यस पूजामा पाको वायुको एक छेउमा काँचो वायुको थान पनि थापिएको हुन्छ। यस पूजाको दिन बोकोलाई बली दिएपछि त्यसको खुन थानमा राखिएको पाको वायु र काँचो वायुको प्रतीकस्वरूप गोलाकार ढुङ्गामा खुन छर्किइन्छ। त्यसपछि पूजामा पाकेको खाद्य सामग्री केराको पातमा राखेर थानमा चढाइन्छ। यसपछि पूजामा भेला भएका सबै भुजेल बन्दुहरू मिली खाने कुराहरू खान्छन्। पूजा स्थलदेखि घर फर्किंदा घरमा बस्ने सदस्यहरूलाई पनि खाद्य पदार्थ लगिदिने चलन छ। पूजा स्थलमा पूजा समापन भइसकेपछि गाउँको भुजेल मुखियाको घरमा भेला भई घाटु-चुट्का, गीत, नृत्य गरेर मनोरञ्जन गर्ने चलन पाइन्छ।

### २.६.२ राँके

राँके भुजेल जातिको अर्को महत्त्वपूर्ण चाड हो। यो पर्व साउँने संक्रान्तिमा धुमधामसँग मनाइन्छ। यो चाड सामूहिक रूपमा नमनाएर आ-आफ्नो घरमा मनाउने चलन छ। राँके चाडका दिन राँगा मारेर प्रत्येक परिवारमाझ बराबर भाग लगाइन्छ। मकै पाकेको

महिना भएको हुनाले यस चाडमा मकै चढाउने पर्व पनि मनाउने गरिन्छ। यस दिन गोबरले लिपेर केराको पात ओछ्याएर भात, पाँच घोगा पोलेको मकै अनि राँगाको मासु मझेरीमा चढाउने चलन छ। यी सबै खाने कुराहरू पितृको निम्ति समर्पित गरिन्छ। चढाउने कार्य सकेपछि बेलुकी घरका सबै सदस्य मिली खाने-पिउँने कार्य गरिन्छ।यसै दिन पाँचवटा दाउरा अगेनामा बालिन्छ। घरका सबैले खाना खाई सकेपछि ती पाँचवटा दाउरा आँगनमा लगिन्छ अनि घरको कुनै एक सदस्यले एउटा बल्दै गरेको दाउरा हातमा टिपेर पूर्व दिशापट्टि फर्किएर यसो भन्दै जोडले कराउँछन्- "हे पूर्व दिशाका आपू (दाजु) यहाँ आई हाम्रो दुःख, पीडा हरण गरी सुख शान्ति हामीलाई देऊ"। यसपछि उनले बल्दै गरेको दाउरा पूर्व दिशामा फ्याँकिदिन्छ। यसरी नै क्रमैसँग पश्चिम, उत्तर र दक्षिण दिशाका आपूहरूलाई (दाजु) पुकारेर बल्दै गरेको दाउरा (अगुल्ठो) फ्याँक्ने गरिन्छ अनि रहेको एउटा अगुल्ठो घरमा लगि अगेनामा राखिन्छ। यस राँके पर्वको दिन परिवारको कुनै पनि सदस्य घर देखि बाहिर गएर बास बस्ने चलन छैन। यस पर्वमा थालिएको झामर्या नाँच चैत महिनासम्म चल्ने गर्दछ।

### २.६.३ कलाती

कलाती पर्व असोज महिनामा मनाइने चाड हो। यस पर्वमा पितृ अथवा कुललाई खाने कुरा चढाइन्छ।भुजेलहरू स्वभावले नै पितृपूजक भएकोले गर्दा हरेक पर्वमा पितृलाई नचढाई आफु पहिला भोजन गर्दैनन्। यस पर्वमा पकाएका खाद्य सामग्रीहरू अगेनाको छेउमा केराको पात ओछ्याएर चढाउने चलन छ। यो कार्य कुनै 'फोहोरो (झाँक्री) अथवा घरको मूलीद्वारा विधिपूर्वक गरिन्छ। यस चाडमा रातभरि खाने पिउँने नाँच-गान गर्ने गरिन्छ।

### २.६.४ माघे संक्रान्ति

भुजेलहरूले पनि माघे संक्रान्तिलाई एउटा प्रमुख चाडको रूपमा मनाउने गरेको पाइन्छ। यस पर्वमा तरूल, भ्यागुर, कन्दमूल आदिका साथ फापर अनि दालको रोटी पकाएर बिहानै आफ्ना पुर्खाहरूलाई सम्झेर सबै खाने कुरा चढाइन्छ। "भुजेलहरूको नयाँ साल यसै दिनदेखि सुरू हुने भएकोले पनि उनीहरू यस पर्वलाई मान्दछन्।" उनीहरू यस दिन बडो धुमधामसँग तरूल, रोटी, जाँड, रक्सी, मासु खाएर नाँचगान गर्दछन्। यी चाडपर्वहरू बाहेक पनि भुजेलहरूले सामूहिक रूपमा मनाउने चाडपर्वहरू हुन्- बडा दशैं, तिहार, चैते दशैं आदि पर्वहरूमा पनि अन्य जाति सरह जातीय अन्तर्मिश्रण, सांस्कृतिक अन्तर्मिश्रणको कारणले यी चाड पर्व पनि भुजेलहरूले पनि मनाउने गरेको पाइन्छ।

## २.७ भुजेल जातिको नृत्य र गीत

परापूर्वकालदेखि नै सङ्घर्ष गर्दै आएको भए तापनि भुजेलहरू समय-समयमा कुनै चाड-पर्वमा नाच-गान गरेर मनोरञ्जन गर्न मनपराउँछन्। उनीहरूको जीवनमा जब-जब कठिनाई आइपर्छ तब उनीहरू आफ्नै परम्परागत लोकनृत्य, लोगीतमा रमाउने गर्छन्। यस्ता नृत्य, गीतहरू चाड-पर्व अथवा कुनै विशेष मौसममा नाचिन्छ/गाइन्छ। तर कतिपय यस्ता नृत्य, गीत गर्दा कुनै चाड-पर्व अनिवार्य रहँदैन। यस्ता गीत, नाँचहरू जतिबेला पनि गर्न सकिन्छ। भुजेल जातिमाझ चाड-पर्वमा मनोरञ्जन स्वरूप गरिने नृत्यहरू हुन्- घाटु, चुटका, पादुर्या, झामर्या आदि। यी नृत्यहरूलाई विधिपूर्वक नाँचिन्छ, जसको विश्लेषण तल गरिन्छ।

## २.७.१ घाटु

घाटु नृत्य बैशाख पूर्णिमामा प्रस्तुत गरिन्छ अनि यो तीनदेखि पाँच दिनसम्म गरिन्छ। "गुरूङ, मगर, थारू र दुरा जातिमा जस्तै भुजेल जातिमा पनि घाटु नाँचको प्रचलन छ"। यसमा वयस्क महिलाहरूले गाएको गीतको तालमा तरूणीहरू नाँच्छन्। घाटु नृत्य एउटा साङ्गीतिक अभिनय हो, जसमा नर्तकहरूले आफ्ना राजा-रानीको गरिमामय इतिहासलाई प्रस्तुत गर्छन्। धार्मिक विधि-विधान अनुसार यस नृत्यको आरम्भ ईश्वर स्तुतिद्वारा गरिन्छ। विशेष गरी "चण्डी पूर्णिमाको बेलुका लाहा भुटिन्छ र भोलिपल्ट देखि घाटु नचाइन्छ।" यस नाँच लगाउँदा चाहिने सामग्रीहरू यस प्रकार छन्- घोंडा, काइयो, ऐना, खुकुरी, चरा, मृगको फिला, बन्दुक, धनुकाँड, खुर्पेट्याक, मुरली आदि। यी सबै सामानहरू काठद्वारा बनाइन्छ। घाटु नृत्य आरम्भ भएपछि गीतमा जुन-जुन चिजको नाम आउँछ ती चिजहरू टञयाउने गरिन्छ। यस नृत्यमा प्रत्येक नतर्कको आफ्नै महिला अनि पुरूष सहायक हुन्छ। महिला सहायकले पहिरन, सौन्दर्य-प्रसाधन अनि अन्य कुराहरूमा सहयोग गर्छन् भने पुरूष सहायकले (जो प्रायः आफ्नै दाजु-भाई हुन्छन्) नृत्यमा चाहिने सामानहरू समयमा प्रदान गरिदिने गर्छन्।

घाटु नृत्य तीन दिनमा अन्त हुन्छ भने तीन दिनमा अथवा पाँच दिनमा अन्त हुनु छ भने पाँच दिनको दिनमा सबै नर्तकहरू नजिकैको देवरालीमा गएर ठुलो गोलाकार ढुङ्गा स्थापित गर्छन्। स्थापित गरिएको उक्त ढुङ्गामाथि नृत्त्यका माध्यम राजाको भूमिकामा अभिनय गर्ने गरूणीले 'भाले चल्ला' हातबाट उढाउँछन् अनि अन्य नर्तकीहरूले पोथी चल्ला उढाउँछन्। त्यसपछि फेरि उही घरमा आएर चुट्का गीत अनि नृत्यको आयोजना गर्दछन्। नर्तकीका आमा-बाबुले उनीहरूको मुखिया (गुरूआमा)-लाई घिऊ, भात, मासु, रक्सी खुवाएर विधिपूर्वक सम्मान गर्दछन्, जसलाई 'दराम÷ भनिन्छ। यसरी विधिपूर्वक घाटु नृत्यको समापन गरिन्छ।

## २.७.२ चुट्का

भुजेलहरूले गाउँदै नाँच्ने गीतिनृत्यलाई चुट्का भनिन्छ। यो नृत्य जति खेर पायो उति खेर जता-त्यतै नाँच्न पाइँदैन। यो नृत्य माघे संक्रान्तिबाट सुरू भएर असार पूर्णिमासम्म आयोजना गरिन्छ। यस नृत्य ठिटाठिटीहरू भेला भई ताक्यू (खैंजडी) बजाएर गाउँने-नाँच्ने गरिन्छ। यस नृत्य तीन वा पाँच दिनसम्म दिउँसो घाटु र बेलुका चुट्का नाँच लगाउने गरिन्छ। चुट्का नाँच्दा वरपरका गाउँका ठिटीहरूलाई निम्तो दिने र आफ्नो गाउँका ठिटाहरू पनि अन्य गाँउको निम्तोमा जाने चलन छ। यसरी जाँदा त्यस नाँचमा पैसा चढाउनु पर्ने वा दिनुपर्ने चलन हुन्छ। यसरी सङ्कलन गरिएको रकम नाँच सकिएपछि भोज खानका लागि  प्रयोग गरिन्छ।

## २.७.३ झामर्या

झामर्या गीत पनि भुजेल जातिमा धेरै प्रचलित छ। फुर्सदको समयमा ठिटा-ठिटी भेला भई झामर्या गीत गाएर नाँच-गान गर्ने र दोहोरी खेल्ने चलन छ। झामर्या गीत विशेष गरी मेलापात गर्दा, वन जङ्गल, घाँस-दाउरा गर्न जाँदा, चाड-पर्व, विवाह, हाट-बजार आदि जाँदा भेला भई तरूणी तन्देरीले गाउँने गीत हो।

मादल बजाएर गाइने झामर्या गीत बाह्रै मास नाँच्न, गाउँन सकिने भए तापनि कार्त्तिक-मङ्गसिरदेखि माग-फागुनसम्म गाउँने-नाँच्ने गरिन्छ। यसरी जम्मा हुँदा तरुणी-तन्देरीहरू हाँसखेल गर्ने, ठट्टा गर्ने साथै माया-प्रीति लगाउने गर्छन्। यसै सिलसिलामा विवाह गरी घर गृहस्थी बसाउने पनि चलन झामर्यासित जोडिएको छ।

### २.७.४ पादुर्या

असोज-कार्तिक महिनामा कोदो (पाङदुर) टिप्ने समयमा आयोजना गरिने नृत्यलाई पादुर्या भनिन्छ। यो नृत्य असोजदेखि पूष महिनासम्म गर्ने चलन छ। यस नृत्यमा दुई समूह बनाइन्छ। पहिलो समूहमा गायकहरू हुन्छन् भने दोस्रो समूहमा नृत्य गर्ने टोली हुन्छन्। गायक समूहलाई 'गर्रा भाई' भनिन्छ जसमा मुख्य गायक अनि सहयोगीहरू हुन्छन्। नृत्य टोलीमा मारूणी, मादले, मुखण्डिया अनि बराते हुन्छन्। यस नृत्य सुरू गर्दा ईश्वरको स्तुति गर्ने गरिन्छ। यसको अन्त पूर्खाको स्तुतिद्वारा गर्ने गरिन्छ।

## २.८ भुजेल जातिको वेशभूषा तथा गरगहना

भौगोलिक अवस्था र हावापानीले कुनै पनि जात-जातिको वेशभूषामा गहिरो प्रभाव पारेको हुन्छ। भुजेल जाति भिन्ना-भिन्नै भूभागमा बसोबास गरेको पाइन्छ। आधुनिक युगको विकासशील सांस्कृतिका कारण भुजेलहरूले पनि वर्तमानलाई हेरेर वेशभूषा पहिरन गर्छन्। तर पारम्परिक जातीय पोशाक पनि भुजेलहरू लगाउने गर्छन्। भुजेलहरूमा पुरूषले लगाउने पोशाक यस प्रकार छ- भोटो (कमेज), नाइराक (हापेन्ट), खाइयाक (हापेन्ट भित्र लगाउने वस्त्र), हादुला (पुरूषहरूले कमेजमाथि लगाउने बस्त्र), गदाक (पुरूषहरूले कमेजमाथि लगाउने एक प्रकारको बस्त्र) अनि ल्हूपो (टोपी) आदि। यसरी नै महिलाहरूले लगाउने पोशाक हुन्- ब्हे (गुन्या), इस्क (चोलो), घल्याक (महिलाहरूले छड्के पारेर लगाउने बस्त्र), प्हुलुक (मजेत्रो), तोकी (विवाहित महिलाले गुन्याको पछाडिपट्टि पहिरण गर्ने बस्त्र) आदि। शरीरलाई सुन्दर पार्नको लागि पनि गर-गहनाको आवश्यक पर्छ। भुजेलहरूले आफ्नै प्रकारको गरगहना धारण गर्छन्। भुजेलमा पुरूष जातिले हातमा चाँदीको बाला अनि कानमा गोकुल लगाउँछन् भने महिलाहरूले कानमा चेप्टे सुन, मालमुन्द्री, ढुङ्ग्री, नाकमा फूली-बुलाकी, घाँटीमा पट्‌न माला, साक्यू-नाक्यू

(ढुङ्ग्री र बुलाकी), प्वाँलो लगाउँछन् भने हातमा थोका (चाँदीको चुरा) र खुट्टामा राइया (चाँदीको कल्ली) लगाउँछन्।

## २.९ धर्म

भुजेल जातिले पालन गर्ने धर्म प्रकृतिको पूजा हो। उनीहरूले परम्परादेखि प्रकृतिका हरेक शक्तिहरूलाई पूजा गर्दै आइरहेका छन्। यस जातिको मौखिक परम्परामा धर्म भनेकै आफ्ना कुल पितृ अनि प्राकृतिक शक्तिहरूको पूजा हो। यसैले यस जातिलाई प्रकृति पूजकको रूपमा पनि चिनिन्छ।

## २.१० भुजेल जातिको थर र उपथर

भुजेल जाति आफ्नै प्रकारको थर र उपथर भएको जाति हो। यस जातिको थर र उपथरले आफ्नो परिवार, स्थान, गाँउ आदिको प्रतिनिधित्व गरेको पाइन्छ। भुजेल जातिमा प्रमुख थर जम्मा पाँच प्रकारको पाइन्छ। यस जातिको प्रमुख थर र उपथर तल तालिकामा प्रस्तुत छ-

| क्रमसंख्या | भुजेलको थर | भुजेलको उप-थर |
|---|---|---|
| १ | जर्रा | साम्याली, पर्स्याली, पोखयाली, धौलाङगी, थुसीराङग्य, कालीकोट्य, थौताब्य, माथोक्य, कान्छोक्या (कान्छीराणा), पादुम्या, मानपुङया, गोलाग्लाम, ब्राचुङे, पारचेङे, खारचुङे बलिक्पा (बलिथापा), ओनाक्पा (ओनाथापा), महिष्पा |
| २ | घर्ती | काङगेल, साब्जा, मसाल, धैताले, सिमाले, साउथोकी (सउपाती) बगाले, मैनथोकी, कान्चिप्रे, ओखरबोटे, बोढे, पाखादेरा, थैन |
| ३ | खवास | बाम्चा, देउबल, खान, खुवान, रूवान |
| ४ | पुन | उमारा, अस्तोमु, मनपरेल, पुनथोकी (श्रीबासापुन), निम्मार, अरगेजा |
| ५ | बुरा | बुराथोकी, हरूलाबुरा, रक्सेबुरा, निम्पुरबुरा |

## २.११ निष्कर्ष

यस अध्यायमा भुजेल जाति, भाषा र संस्कृतिको परिचय दिएको छ। भुजेल एउटा किँराती मूलका समुदाय हुन् जसको मूलथलो नेपालको भुजीकोट मानिन्छ। यस समुदायको भाषालाई भुजेल भनिन्छ जो पूर्वी हिमाली उपशाखाको किँराती समूहमा पर्दछ। आजको दिनमा भुजेलहरू विश्वभरि नै फलिएका छन्। विशेष गरी सिक्किम, दार्जिलिङ, उत्तर पूर्वका राज्यहरूमा भुजेलहरूको बसोबास रहेको छ।भारतका भुजेलहरूमा आफ्नो मातृभाषाको प्रयोग नदेखिए तापनि आफ्नो जातीय पहिचान र संस्कार-संस्कृतिमा भने  सचेत छन्। वर्तमानमा भुजेल जाति आफ्नो संस्कार-संस्कृति साथै भाषाको संरक्षण र सम्बर्द्धनप्रति जागरूक भएका छन्।

# तेस्रो अध्याय

## भाषिक अभिवृत्ति र भाषिक योजना र पुनरूत्थान

### ३.१ भाषिक अभिवृत्तिको परिचय

भाषिक अभिवृत्ति भन्नाले भाषाप्रतिको विचार, आचार र व्यवहार बुझिन्छ। हरेक समुदायका सदस्यको आफ्नो मातृभाषा तथा अन्य भाषाप्रति विचार, भाव, इच्छा, आशा, व्यवहार आदिलाई भाषिक अभिवृत्ति भनिन्छ (क्रिस्टल,१९९२)। भाषाप्रतिको अभिवृत्ति जान्नका निम्ति सोझै अध्ययन गर्न नसकिने भएकाले समुदायका सदस्यहरूको वैचारिक र व्यवहारिक पक्षलाई अध्ययन गरी भाषिक अभिवृत्ति पत्ता लगाउनु सकिन्छ। भाषिक अभिवृत्ति व्यक्तिगत भए तापनि यसले सामुदायिक अभिवृत्तिलाई दर्शाउँछ। सकारात्मक साथै नकारात्मक अभिवृत्ति दुवैले भाषाको आवस्था, परिस्थिति र अन्र्तसामुदायिक सम्बन्धलाई पनि देखाँउछ। भाषिक अभिवृत्ति मार्फत व्यक्तिगत, सामुदायिक तथा र अन्र्तसामुदायिक, अन्र्तभाषिक सम्बन्ध, क्षेत्रीय, कालक्रमिक, भाषिक अवस्था र नीति प्रयोजनबारे जान्न सकिन्छ।

### ३.२. सिक्किममा र दार्जीलिङमा भुजेल जातिको भाषिक अभिवृत्ति

२०११ को जनगणना अनुसार सिक्किममा भुजेलहरूको जनसंख्या ५००० रहेको छ। पश्चिम सिक्किमको सलाङदाङ, लुङ्चोक, दरामदिन, कर्थोक, दोदक; दक्षिण सिक्किममा टोकल बर्मेक, तुरूक, बेलबोटे अनि पूर्व सिक्किममा जितलाङ, पाकिम, रिनाक, छुचाचेन, रिगु र गान्तोकमा भुजेलहरूको बसो-बासो पाइन्छ। सिक्किम राज्यको जातीय सङ्ख्या गरिष्ठताको दृष्टिले सिक्किममा भुजेलहरू अल्पसङ्ख्यक छन्। २०११ को जनगणना अनुसार दार्जीलिङ अन्तर्गत विभिन्न क्षेत्रहरूमा पनि भुजेलहरूको बसो-बासो गरेको पाइन्छ

र भुजेलहरूको जनसङ्ख्या २५,००० रहेको छ। सिक्किम, पश्चिम बङ्गाल, असम आदि राज्यहरू साथै केन्द्रमा पनि भुजेललाई पछौटे वर्गको (OBC) स्तर राखेको पाइन्छ।

यस शोध प्रबन्धमा सिक्किम र दार्जिलिङको भुजेलहरूको भाषिक अभिवृत्तिको अध्ययन गरिएको छ। यस अध्ययनमा सिक्किम र दार्जिलिङ गरेर जम्मा ६४ जना भुजेल समुदायको सदस्यहरूको भाषिक अभिवृत्तिलाई विश्लेषण गिएको छ (हेर्नुहोस् परिशिष्ठमा)।

यस भाषिक अध्ययन २०१४ र २०१५ मा भुजेलहरूको भाषिक अभिवृत्तिको पहिलो अध्ययन  हो। यो अध्ययन सिक्किम र दार्जिलिङमा मातृभाषी कोही पनि भेट्न नसकिए पनि भुजेल समुदायका विभिन्न ठोस मत, विचार, सम्बन्ध, अवस्था र नीति प्रयोजनबारे जानकारी उपलब्ध भएको छ। सिक्किम र दार्जिलिङका यस्ता जानकारीलाई क्रमबद्ध रूपमा तल प्रस्तुत गरिएको छ।

सर्वप्रथम, सिक्किम र दार्जिलिङका भुजेलहरूले प्रस्ट रुपमा भुजेल नबोले तापनि, त्यस भाषालाई स्वतन्त्र भाषाको दर्जा दिएको छ। भुजेल भाषालाई समुदायको भाषिक पहिचानको स्तर पनि दिएको छ। सिक्किम र दार्जिलिङका भुजेल समुदायको सदस्यहरू मध्ये ४०% ले  भुजेललाई आफ्नो मातृभाषा भनेका छन् भने २०.३१% ले आफ्नो मातृभाषा प्हुगाल भनेर पहिचान दिएको छ। वास्तवमा भुजेल अथवा प्हुगाल नबोले तापनि ६०.३१% भुजेलहरूले आफ्नो मातृभाषा मानेका छन्। यस तथ्यबाट यो कुराको पुष्टि हुन्छ कि मातृभाषाको अवधाराणामा भुजेल समुदायले भाषा व्यवाहारिक पक्षलाई भन्दा पैतृक पक्षलाई बडी महत्व दिएको पाइन्छ र भाषा र समुदायको सोझो सम्बन्ध बाँधेको छ। अर्को तर्फ ३९.०६% ले नेपालीलाई मातृभाषा ठानेका छन्। भारतमा भुजेल भाषा अघि बाटै लुप्त भएको कारणले धेरै भुजेलहरूको नेपाली भाषा नै मातृभाषा भएको थाह लाग्छ। कति भुजेलहरूले भुजेल भाषाका शब्दहरू प्रयोग गर्ने अवसर

नपाएकाले उनीहरूले मातृभाषा नेपाली नै मानेको पनि भाषिक अभिवृत्तिद्वारा थाह लाग्छ। कतिले भुजेल भाषाका शब्दहरूको प्रयोगलाई पनि भाषिक व्यवहारको प्रसङ्गमा लिएको पाइन्छ। निष्कर्षमा, भुजेल अथवा प्हुगाल र नेपाली, भुजेल समुदायको क्रमिक पैतृक पक्ष र भाषा व्यवाहारिक पक्षमा मातृभाषाको रूपमा देखा परेको छ।

सिक्किम र दार्जिलिङमा भुजेल भाषा लुप्त भई सके तापनि भुजेल शब्दहरूको प्रयोग गर्ने परिस्थिकि सम्पूर्ण रूपले गुमाएको छैन्। विशेष गरी घर-गाउँमा केही पारम्पारिक कर्म-काण्ड हुँदा ७८.१२% -ले भुजेल शब्दहरूको प्रयोग गरिन्छ भन्ने तथ्य दिएका छन् भने रहल २१.८८% ले सो अवसर पनि पाइँदैन भनेका छन्। थोरै मात्रामा भुजेल शब्दहरू बोल्ने अवसर पाइन्छ भन्नेहरू विशेष गाउँघरका छन् भने पाइँदैन भन्नेहरू चाहिँ विशेष बजारमा बस्नेहरू पर्छन्। भुजेल भाषाका केही शब्द सूचक, साइनो सम्बन्ध, खान-पान, सर-समान र पशुहरूको नाम मात्र घरभित्र मात्र प्रयोग गरिन्छ भन्ने तथ्य ५७.८१% -बाट प्राप्त भएको छ। रहलले सो शब्दहरूबारे केही पनि थाहा छैन भन्ने सङ्केत दिएका छन्।

यस अध्ययनद्वारा थाह लाग्छ कि भुजेल भाषालाई स्कूलमा पठन-पाठनको रूपमा शुरू गर्न सत प्रतिसत भुजेलहरूले अभिवृत्ति व्यक्त गरेका छन्। भुजेल समुदायले स्कूलमा भुजेल भाषाको पठन-पाठन हुँदा खुशीको मात्र अवसर नभएर भाषा, संस्कृति, परम्परा, आदिलाई जोगाड गर्न उत्तम साधनको रूपमा पनि मानेका छन्। यस प्रस्तावलाई भुजेल अभिभावकहरूले स्वागत साथै प्रोत्साहन पनि गरेका छन् भने भुजेल समुदायका विद्यार्थीहरूले भुजेल भाषा पाठ्य रूपमा रूची नदेखाए पनि आफ्नो जातिप्रति, भाषाप्रति सकारात्मक अभिवृति व्यक्त गरेका छन्।

यस अध्ययनमा शिक्षा र नोकरीको सम्बन्धबारे पनि समुदायको अभिवृति व्यक्त गरेका छन्। ४०.६२% -ले भुजेल भाषा पढ्दा विद्यार्थीले नोकरी पाउँन सक्छन् भन्ने

आशा व्यक्त गरेका छन् भने ४३.७५% -ले नोकरी पाइँदैन भन्ने पनि सोचेका छन्। ४०.६२% -ले भुजेल भाषाको पठन पाठन नोकरी पाउनको लागि होइन आफ्नो मातृभाषा, संस्कृति, परम्परा आदिको पुनःजागरण तथा संरक्षणको लागि सोच राखेका छन्। यस अध्ययनबाट यो तथ्य पनि प्राप्त हुन्छ कि ९०% भुजेलहरूले भुजेल भाषा सिक्ने मौका पाए सिक्नु तयार छन् र रहल १०% जसले सिक्ने चाह देखाएन् उनीहरू ६० वर्ष भन्दा माथि उमेरका छन्। उनीहरू भुजेल भाषा सिक्ने इच्छा राखे तापनि उमेरले गर्दा सिक्न नसक्ने बताउँछन्। भुजेल समुदायले भुजेल भाषाको विकास भएर विभिन्न क्षेत्र जस्तै रोजगार, व्यापार, विद्यालय आदिमा प्रयोग होस् भन्ने सोच राखेको यस भाषिक अभिवृत्तिको अध्ययनद्वारा थाहा लागेको छ। उनीहरूलाई भाषा सिक्दा धेरै फाइदा हुन्छ या पाइन्छ भन्ने व्यक्त गरेका छन्। भुजेल भाषा जान्नाले आफ्नो जातीय संस्कार-संस्कृतिमाथि पनि ज्ञान प्राप्त गर्न सकिन्छ भन्ने कुरा पनि अभिव्यक्त गरेका छन्।

भुजेल भाषा सिक्नको निम्ति केही पुस्त-पुस्तिका उपलब्ध छ। हालमा भुजेल समुदायका सदस्यहरूले भुजेल भाषा सिक्ने क्रम जारी भएकाले बडी प्रतिशत भुजेलहरूले भाषाको भविष्य राम्रो हुनु सक्छ भन्ने बताएका छन्। तर अर्कोतिर अहिलेसम्म भुजेल भाषा शिक्षाको क्षेत्रमा पठन-पाठन नहुँदा भाषाको अस्तित्त्व अझ लुप्त भएर जानेछ भन्ने मत पनि पाइएको छ।

यस भाषालाई जोगाड गर्नु, स्तर बडाउनु र पुनरूत्थानबारे नीति तथा व्यवहारमा ल्याउनुका लागि ५३.१२% भुजेलहरूले आफ्नै सङ्ग-संस्थाको जोड हुनु पर्छ भन्ने यस अध्ययनबाट थाह पाइन्छ। भुजेल भाषाको संरक्षण र सम्बर्द्धनमा सरकारको पनि ठुलो भूमिका हुनुपर्छ भन्नेमा २०.३१% भुजेलहरूको विचार रहेको छ। २६.५६% भुजेलहरूले व्यक्ति, सङ्ग-संस्था र सरकार तीनैको सामूहिक भूमिका हुनुपर्छ भन्ने विचार पोखेका छन्।

निष्कर्षमा, यस भाषिक अभिवृत्तिको अध्ययनको आधारमा सिक्किम-दार्जिलिङका भुजेलहरूले भुजेल भाषालाई पुनरूत्थान हुनुपर्छ भन्ने सङ्कल्प राखेको पाइन्छ।

## ३.३. भाषिक योजना

### ३.३.१. भाषिक योजनाको परिचय

सामाजिक भाषाविज्ञान अन्तर्गत भाषा योजनाले प्रायोगिक पक्षलाई जनाउँछ। भाषा योजना भन्नाले भाषिक समुदायको भाषा अथवा भाषिकाको आर्जन, संरचना र प्रकार्यलाई नियत तथा नीतिले प्रभाव गर्नु हो। सरकारी तथा गैर सरकारी सङ्घ-संस्थाबाट भाषाको विकास, संरक्षण तथा सम्बर्द्धनका लागि आधिकारिक, दीर्घकालीन अथवा कुनै नीतिगत कार्यलाई बुझिन्छ। भाषा योजनामा कुनै पनि भाषिक स्थितिको अध्ययन-अनुसन्धानका आधारमा भाषिक नीति-निर्धारण, प्रयोजन, आदि कुराहरू पर्दछ जसमा मुख्य भूमिका भाषिक नीतिले निर्वाह गर्छ।

फर्ग्युसनले (अधिकारी, वि.सं.२०५६:५५) भाषायोजनालाई तीन चरण देखाएका छन्। ती चरण यस प्रकार छन्ः

क. भाषाको लेख्यीकरण

जुन भाषा कथ्य रूपमा मात्र सीमित छ, ती भाषाहरूलाई लिपिबद्ध गर्ने प्रयासलाई लेख्यीकरण भनिन्छ। भाषालाई विकासतिर लैजानु लेख्यीकरणलाई प्रथम चरण मानिन्छ। कतिपय भाषाहरू कथ्य स्तरमा मात्र रहन्छ समयको अन्तरालमा लुप्त भएर जान्छ। यसरी भाषा लुप्त भएर जानुबाट बचाउँन, भाषालाई जीवित राख्नु पहिलो उपाय हो लेख्यीकरण।

ख. भाषाको मानकीकरण

कुनै पनि भाषा लिपिबद्ध भएपछि कथ्य र लेख्य स्वरूपमा समयको अन्तरालका साथै अन्य कारणले भेद देखापर्छ। भाषाका विभिन्न भेदहरू जस्तै भाषिका र उपभाषिका हुन सक्छन्। भाषाको प्रयोग प्रचलनमा रहेका ती विविध भेदमध्ये जुन भेदले अन्य भेदको प्रतिनिधित्व गर्न सक्छ, त्यस किसिमको भेदलाई विशेष महत्व दिइ औपचारिक प्रयोगमा ल्याउने प्रक्रियालाई मानकीकरण भनिन्छ। यसमा भाषाका खास रूपलाई छनोट गर्ने, छनोट गरेको भेदलाई स्तरीय भाषामा लेखन कार्यमा प्रयोग गर्ने। वर्णविन्यास, उच्चारण, शब्द चयन, शब्दप्रयोग, वाक्यगठन, अर्थ, आदिको मानकीकरणद्वारा भाषामा आवश्यक्ता अनुसार सुधार गर्नु र प्रयोग हुँदै जानु पर्छ।

ग. भाषाको आधुनिकीकरण

भाषिक परिवेशमा आएको परिवर्तनलाई भाषाले व्यक्त र स्वीकार गर्नु पर्ने हुन्छ। भाषामा यस प्रकारको क्षमता बृद्धि गर्ने प्रयासलाई भाषाको आधुनिकीकरण भनिन्छ। बदलिन्दो भाषिक परिवेशमा भाषालाई जीवित पार्ने, भाषाको अभिव्याक्तिगत विस्तार गर्न भाषामा आधुनिकीकरणको आवश्यकता हुन्छ। हरेक भाषामा यस प्रकारको क्षमताको विकास नहुँदा ती भाषाका वक्ताहरू आफ्नो भाषालाई कमजोर ठानी विकाशील भाषातिर आकर्षित हुन्छन्। जसका कारणले भाषाहरू हराउने स्थितिमा पुग्छन्। यस प्रकारको स्थितिलाई हेरेर भाषामा आधुनिकीकरण अति आवश्यक देखिन्छ।

निष्कर्षमा, कथ्य रूपमा रहेका भाषाको लेख्यीकरण गर्ने, लिखित रूपमा आएको भाषालाई मानकीकरण गर्ने र त्यस भाषालाई विकासतिर बडाउनका निम्ति आधुनिककरण गर्न भाषा योजनाको प्रमुख विशेषता रहेको पाइन्छ। साथै भाषा र प्राविधिको मिलन गरी त्यो भाषालाई प्रविधिक क्षेत्रमा प्रचलित गराउनु पनि भाषिक योजनाको अङ्ग बनेको छ।

## ३.३.२ भारतमा भुजेल भाषाको सन्दर्भ

भारत बहुजातीय भएका बहुभाषिक देश हो जहाँ विभिन्न जातिले आफ्नो भाषा, संस्कृति आदिको पहिचान चाहन्छन्। यस्तो परिवेशमा बहुजातीय समाजलाई एक शूत्रमा बाँध्ने भाषाको कल्पना मात्र नभएर प्रयोजनात्मक आधारमा पनि भाषायोजना गर्नु पर्ने हुन्छ।

भारतमा बोलिने विभिन्न भाषाहरूका अनेकौं किसिमका भाषिक समस्या छ। हेरक भाषाको आफ्नै समस्या छ। भारतको बहुभाषिक समाजको भाषिक यर्थातलाई मध्यनजर राखी, भारतीय भाषाहरूलाई विभिन्न श्रेणीगत रूपमा राखिएको पाइन्छ। उदाहरणको लागि हिन्दीलाई सरकारी भाषाको मान्यता दिइको छ। अङ्ग्रेजीलाई सह-सरकारी, संविधानिक, शिक्षा आदिको भाषाको रूपमा स्वीकार गरिएको छ। यसरी नै अङ्ग्रेजीको रोमन लिपि र हिन्दीको देवनागरी लिपिलाई मात्र यी दुई भाषाको लिपि भनेर मान्य छ।

भारतीय भाषाहरूका विकास र विस्तारको लागि विभिन्न भारतीय संविधान अन्तर्गत आठौं अनुसूचीमा २२ वटा भारतीय भाषाहरूलाई स्वीकार गरेको छ। भारतीय साहित्य अनि भाषाको संबर्द्धनका लागि साहित्य अकादमीले २४ वटा भारतीय भाषाहरूलाई राष्ट्रको साहित्य सृजनाको भाषा मानेको छ। प्रादेशिक प्रशासनको निम्ति हरेक राज्यको प्रादेशिक भाषालाई राज्य तथा क्षेत्रीय भाषाको मान दिएको छ।

पश्चिम बङ्गालमा बाङ्लालाई राज्य भाषाको रूपमा मान्य छ र दार्जिलीङ्ग जिल्लाका तीन पहाडी महकुमामा नेपालीलाई सन् १९६४ देखि नै सरकारी भाषाको मान्यता प्राप्त छ।

सिक्किममा नेपाली भाषालाई राज्य भाषाको (official language ) आहुदा दिएको छ साथै राज्यका ११ वटा भाषाहरूलाई राज्य स्तरको भाषाको (state language) मान्यता दिएको छ। सिक्किम राज्य सरकारले यी ११ वटा भाषाहरूको भाषा र साहित्यको

विकास, प्रथामिक शिक्षाको साधन, विधान सभाको सञ्चालन, आदि गर्न निम्ति भाषिक योजना अन्तर्गत मान्यता दिएका छन्।

सिक्किम राज्यमा बोलिने अन्य भाषाहरूको उन्नति र विकासको लागि राज्य सरकारले खुल्ला नीति अपनाएको छ (पाण्डे,२०१५)। राज्य स्तरको भाषाको सूचीमा नपर्ने भाषाहरूको विकासको लागि सिक्किम सरकारले ती भाषिक समुदायबाट भाषा विकासको लागि सुझाव स्वागत जनाएको छ। स्मरण रहोस् सिक्किम राज्य सरकार मान्यता प्राप्त ती ११ वटा भाषाहरू पनि सो नीतिबाटै मान्यता प्राप्त गरेको हो। यसै सन्दर्भमा  सिक्किम अकादमीले भुजेल भाषाको विकासको निम्ति सन् २०१३ -बाट नै स्वीकृति गर्दै राज्य सरकार समक्ष भुजेल भाषालाई राज्य स्तरको भाषाको रूपमा स्वीकार गर्न अनुरोध गरेको छ।

सिक्किमको सन्दर्भमा भाषाको विकासको लागि मूल भूमिका भाषिक समुदायको हुन्छ। भाषा-संस्कृति संरक्षणको निम्ति सम्बन्धित भाषिक समुदायको मुल कर्त्तव्य हुन्छ र यस कार्यलाई ठोस रूप दिन् सरकारको नियत तथा नीतिमा निर्भर रहन्छ। स्मरण रहोस् भुजेल भाषा सिक्किममा लुप्तप्रायः भाषाको रूपमा परे तापनि भाषिक विकासको कार्यलाई अघि बडाउन भुजेल समुदायले निरन्तर रूपमा कार्य गरी राखेको छ। भुजेल भाषालाई सिक्किम राज्य स्तरको भाषाको मान्यताको लागि भुजेल समुदाय अझ पनि योजनावद्ध रूपले कार्य गरिरएको छ।

## ३.४. भाषिक पुनरूत्थानको परिचय

भाषिक पुनरूत्थान भन्नाले लुप्तप्रायः भएको भाषालाई पुनःप्रचलनमा ल्याउनु भन्ने बुझिन्छ। जुन भाषा प्रयोग प्रचलनबाट मरिसकेको छ त्यस भाषाको केही अंश अथवा भाषा परिवारसँग तुलनात्मक पद्धतिद्वारा सम्बन्धित भाषाका ध्वनि, शब्द, रूप आदिको खोजी

गरिन्छ र भाषा परिवर्तन अथवा विलुप्तिका कारणहरू पहिल्याएर त्यस भाषाको पुनरूत्थान गरिन्छ। कुनै भाषिक समुदायले आफ्नो मातृभाषा बोल्नबाट धेरै कारणले वञ्चित हुन्छ अनि त्यस भाषिक समुदायले अर्को भाषिक समुदायको भाषा बोल्न जान्छ जसलाई भाषिक अपसरण (language shift) भनिन्छ। समय अन्तरालमा त्यस भाषाको मृत्यु हुन्छ। यसरी लुप्त वा लुप्तप्रायः भएर जानु अनेकौं कारणहरू छन् जस्तै सम्बन्धित भाषाको समुदाय अल्पसङ्ख्यक हुनु, भाषिक वक्ता अल्पसङ्ख्यकमा रहनु, भाषाको प्रयोग क्षेत्र शुन्यमा रहनु, भाषाको वक्ता पलायन हुनु, भाषिक समुदाय विस्तापन हुनु आदि। त्यस लुप्त अथवा लुप्तप्रायः भाषाको पुनरूत्थानको लागि त्यस भाषाको केही अंश अथवा भाषा परिवारसँग सम्बन्धित भाषाका ध्वनि, शब्द, रूप आदिको पैंचो गरिन्छ, अथवा भाषाको तथ्य सङ्कलन गरिन्छ अनि सङ्कलित तथ्यको आधारमा पुनः भाषा जागरणको लागि प्रयोग गरिन्छ। साथै विभिन्न क्षेत्रमा त्यस भाषाको प्रयोग प्रचलन गरिँदै लगिन्छ। अतः भाषिक परिवेशमा त्यस लुप्तप्रायः भाषाको पुनः जागरणको निम्ति योजनावद्ध रूपमा कार्य गरिन्छ।

किस्टलले (२०००) भाषिक समुदायको भूमिकालाई प्रमुख मान्दै निम्नलिखित तथ्यलाई आधार लिए लुप्त तथा लुप्तप्रायः भाषाको *पुनरूत्थान हुन सक्छ भन्ने विचार प्रकट गरेका छन् :*

१.शक्तिशाली समुदायको नजरमा त्यस भाषाको स्तर बडाउनु।

२.भाषिक शक्ति बडाउनु।

३.शक्तिशाली समुदायको नजरमा त्यस भाषाको अधिकार बडाउनु।

४.शिक्षा प्रणालीमा संलग्न गराउनु।

५.त्यस भाषालाई लिपिबद्ध गर्नु।

६.त्यस भाषालाई प्राविधिक माध्यममा पनि प्रयोग गर्नु।

योजनावद्ध भाषिक पुनरूत्थान अन्तर्गत विश्वका अनेकौं भाषाहरूको उत्थान भएको *उदाहरण पाइन्छ* जस्तै हिब्रु, वेल्स, बास्क, आदि।

भाषा योजना प्रक्रियामा कल्सको (१९७९) अनुसार भाषा योजनामा स्तरगत भाषा योजना र  संरचनागत भाषा योजना गरी दुईवटा प्रक्रिया देखाएका छन्।

स्तरगत भाषा योजनाले भाषाहरूको प्रयोग क्षेत्र, प्रवृत्ति र वस्तुस्थितिको आधारमा भाषाको स्तर कस्तो छ भन्ने तथ्यलाई महत्व दिन्छ र स्तरवृद्धि गर्ने तथा स्तर केलाउनु तर्फ जोड दिन्छ। स्तरगत योजनाले प्रचलित भाषाहरूमध्ये कुनै एक वा एकभन्दा बढी भाषालाई आधिकारिक भाषा वा सरकारी कामकाजको भाषा, प्रशासन, आम सञ्चार, प्राथमिक शिक्षा र उच्च शिक्षा आदि क्षेत्रमा प्रयोग गर्ने अनुमति दिइन्छ। यसरी स्तरगत भाषा योजनाले कुनै भाषालाई उच्च स्तरमा राख्छ भने कुनै भाषालाई निम्न स्तरमा राखेको देखिन्छ। भाषालाई लिखित रूपमा प्रचलनमा ल्याउनु अनि शैक्षिक रूपले प्रयोगमा नआएको भाषालाई शिक्षाको क्षेत्रमा प्रयोगमा ल्याउनु भाषाको स्तरगत योजना हो।

कुनै पनि भाषालाई लुप्त हुनुबाट बचाउँनुका लागि योजना बनाउँनु अति आवश्यक हुन्छ। यसै सन्दर्भमा भाषाको स्तरगत योजना भएपछि सम्बन्धित भाषाको संरचनागत योजना बनाउनु पनि आवश्यक देखिन्छ। यस भाषा योजनामा समाजमा देखिएको परिवर्तन आवश्यकता अनुसार भाषाको लेखनपद्धतिको विकास गर्ने र विस्तार गर्ने, भाषाको वर्णविन्यासमा ध्यान दिने जस्ता व्याकरणिक कुरालाई जोड दिन्छ। संरचनागत योजनाले सम्बन्धित भाषाको मानकीकरण र आधुनिक करणमाथि सरोकार राख्दै भाषाको विकासमा मुख्य भूमिका निर्वाह गर्दछ।

भाषा योजना अन्तर्गत पुनरूत्थानका निम्ति धेरै सिद्धान्त र ढाँचाहरू तयार पारिएको देखिन्छ। (फिस्मेनले,१९९१,२००१) निम्नलिखित अष्ठबुँदामाथि प्रकाश पारेका छन्।

१. पिढीले भाषा सिकेर, जसले आँउदो पिडीलाई सिकाउँछ।

२. वक्ताहरूलाई सामाजिक रूपमा सङ्गठित गर्नु।

३. परिवार र समाजमा कथ्य भाषाको प्रयोग बडाउनु।

४. भाषामा साक्षरता बडाउनु।

५. शिक्षा क्षेत्रमा प्रयोग गर्नु।

६. कार्यस्थलमा प्रयोग गर्नु।

७. स्थानीय प्रशासन, लोक सञ्चार माध्यम, आदिमा प्रयोगका लागि प्रोत्साहन गर्नु।

८. माथि दिएका प्रयोगहरूमा सफल भए, उच्च शिक्षा, सरकारी काम काज आदिमा प्रयोगको लागि प्रोत्साहन गर्नु।

## ३.५. भुजेल भाषाको पुनरूत्थान योजना

विश्वमा *भुजेल* भाषालाई युनेस्कोको एटलास अफ् द वल्डस् लेङ्ग्वेजेस् इन्डेन्जरमा vulnerable status दिएको छ। भारतमा भुजेल समुदाय विशेष गरी दार्जिलिङ्ग र सिक्किममा बसो बास गरेको सयौं साल भई सक्यो र यस समय अन्तरालमा, भुजेल समुदायले आफ्नो मातृभाषा त्यागी नेपालीलाई अपनाएको छ। यस कारणले भुजेल भाषा भारतमा लुप्त भएर गएको हो। अर्थात भारतको भाषिक परिवेशमा भुजेल समुदायले भुजेल भाषालाई जोगाएर विकास गर्न सकेन्। तर आजको भाषिक परिवेशमा भारतको सिक्किम र

दार्जिलिङको भुजेल जातिले भुजेल भाषालाई पुनरूत्थान गर्न जमर्को कसेको उनीहरूको भाषिक अभिवृत्तिबाट थाह लागेको छ। भुजेल भाषालाई पुनरूत्थान गर्नु पर्दा पुनरूत्थान योजनाबारे अध्ययन गर्नु पर्ने हुन्छ।

कुनै पनि भाषालाई मृत्युबाट बचाउँनुका लागि भाषाको नीतिगत योजना त्यार गर्नु आवश्यक रहन्छ। कुनै भाषालाई संरक्षण र सम्बर्द्धन राख्न साथै भाषालाई गतिमान बनाउँन व्यक्ति, समाज र सरकारपक्षबाट सकारात्मक सोचको भूमिका हुन्छ। यही कुराहरूलाई ध्यानमा राख्दै भुजेल भाषाको लागि नीतिगत योजना स्थापना गर्नु अति आश्यक छ। यस कार्यको निम्ति सामुदायिक तथा भाषिक संस्थाहरूले पहल गर्ने निम्नलिखित कार्य देखा पर्छ।

क. भुजेल भाषाको भाषिक अवश्थालाई पहल गरी यस भाषामाथि विचार विमर्श गराउनु।

ख. शिक्षा, प्रशासन, सञ्चार आदि क्षेत्रमा सरकारले लागु गर्ने भाषा नीतिबारे भुजेल भाषाको सन्दर्भमा विचार विमर्श गराउने।

ग. सङ्घ संस्थाबाट भाषामाथि भएको अध्ययन, अनुसन्धान र प्रवर्द्धन कार्यलाई ठोस रूप दिने।

घ. भुजेल भाषा विकासका निम्ति  भाषिक योजना निर्माण गर्ने।

ङ. भुजेल भाषाको विकासको निम्ति अध्ययन, अनुसन्धान, लिपि विकास, व्याकरण लेखन्, शब्दकोश  निर्माण गर्ने अनि सम्बन्धित भाषाका व्यक्ति, समाज, सङ्घ-संस्थालाई प्रोत्साहन साथै आवश्यक सहायता प्रदान गर्नु।

कुनै पनि भाषाबारे अध्ययन अनुसन्धान गरी त्यो भाषाको विश्लेषण, सम्बर्द्धन, संरक्षण साथै भाषाको  विकासको लागि लेख्यीकरण, स्तरीकरण र आधुनिकीकरणमा

पहल गराउनु अति आवश्यक देखिन्छ। भुजेल जस्तो लुप्त भाषाको पुनरूत्थान गराउने विषयलाई सबैभन्दा पहिलो प्राथमिकता दिएर भुजेल भाषाको लिपि निर्माण कार्य गर्ने, व्याकरण लेखन्, शब्दकोश निर्माण साथै लोक सञ्चार तथा पाठय-पुस्तक लेखनका लागि योजना तयार गर्नु जरूरी छ। यसै सन्दर्भमा सिक्किम र दार्जिलिङमा भुजेल भाषालाई पुनरूत्थान गराउन यस प्रकारको भाषा योजना अति आवश्यक छ।

भुजेल भाषा लुप्त भएको स्थितिबाट पुनरूत्थान गर्न सकिन्छ भन्ने भुजेल समुदायलको अपेक्षा छ। यस अपेक्षालाई ध्यानमा राख्दै सरकारी रूपमा भुजेल भाषाको लागि विशेष पुनरूत्थान कार्यक्रम सञ्चालन हुनु पर्छ भन्ने समुदायको मत छ भने भुजेल समुदायले आफ्नो भाषाको पुनरूत्थानको लागि सम्पूर्ण भाषिक, संस्कृतिक सामग्री सङ्कलन गर्नुपर्छ र अभिलेखन पनि हुनु पर्छ। उक्त सङ्कलन गरिएको सामग्री भारतको सिक्किम र दार्जिलिङका भुजेलहरूले आफ्नो घरपरिवारमा व्यावहारिक रूपमा प्रयोग प्रचलन गर्नु पर्छ। साथ-साथै भाषा बोल्ने एउटा परिवेश बनाउँन पर्छ। यस प्रकारको सामुदायिहक कार्यले भुजेल भाषा पुनरूत्थानको लागि ठोस स्तरमा भाषाबारे जनचेतना ल्याउन सकिन्छ र भाषिक गोष्ठी-संगोष्ठी गरेर समुदायलाई जागरूक गराउन सकिन्छ। विशेष गरेर युवा पिढीलाई भाषा बोल्नेबारे उत्साह दिनु पर्छ। संघ संस्थाले भुजेल समुदायका सबै सदस्यलाई भाषा बोल्नेबारे आव्हान गर्नु पर्छ। जति प्रयोग गरिन्दैछ त्यसलाई लोप हुनु अघि नै अभिलेखन गरेर राखु पर्छ। अशिक्षित भुजेल जो भाषा बोल्न इच्छुक छ, उसलाई मौखिक रूपमा भाषा बोल्न सिकाउनु पर्छ। जो शिक्षित छ, उनीहरूले लुप्त हुन लागेको भाषालाई लिपिवद्ध आधारमा पनि अध्ययन गर्नु पर्छ। यस लिपिकरण प्रयासलाई समुदायले बडी महत्व दिएको छ र यस शोध प्रबन्धलको मुख्य उद्देश्य रहेको छ।

## ३.६. निष्कर्ष

भारतमा भुजेलहरू पुस्तौं-पुस्तादेखि विभिन्न प्रान्तहरूमा भुजेलहरू छरिएर बसेको पाइन्छ। यस शोधप्रबन्धमा विशेष गरी  सिक्किम र दार्जीलिङ जिल्ला अन्तर्गत विभिन्न क्षेत्रमा रहेका भुजेल समुदायको भाषिक अभिवृत्तिको सर्वेक्षण गरी उक्त क्षेत्रमा भुजेल भाषा पुनरूत्थान गर्ने योजना तयार पारिएको छ। आफ्नो मातृभाषाप्रति उनीहरूको अभिवृत सकारात्मक रहेको अनि लुप्त भएको भाषालाई पुनरूत्थान आफ्नो मातृभाषाप्रति उनीहरूको अभिवृत्ति सकारात्मक रहेको अनि लुप्त भएको भाषालाई पुनरूत्थान  गर्ने उद्देश्य रहेको छ। भुजेल भाषाको पुनरूत्थान गर्ने दिशामा तयार पारिएको विभिन्न योजनागत ढाँचाअन्तर्गत प्रथमतः भुजेल भाषाको लिपिकरणको प्रयासलाई सर्वोपरी राखिएको छ। यस सम्बन्धमा भुजेल समुदायको मुख्य भूमिका हुने छ। भुजेल भाषालाई पुनरूत्थान गर्नु विभिन्न योजनागत रूपमा ढाँचा अन्तर्गत भुजेल समुदायको मूल भूमिका देखिन्छ र लिपिकरण प्रयासलाई समुदायले बडी महत्व दिएको छ।

# चौंथो अध्याय

# भुजेल भाषाःको लिपिकरण

## ४.१. लिपि परिचय

लिपि भन्नाले कुनै पनि भाषाको ध्वनि/वर्णहरूलाई चिनाउने लेख्य चिन्ह, लेख्य वर्ण वा अक्षर अथवा लेखाईको ढङ्ग बुझिन्छ। अर्थात् वर्णहरूलाई लेखिने आधार चाहिँ लिपि हो। हरेक भाषाको वर्ण वा अक्षर के-कस्ता हुन्छन् भन्ने चिन्ह लिपिले चिनाउँछ। संसारमा हजारौं भाषा छन् तर प्रेत्येक भाषाको स्वतन्त्र लिपि पाइँदैन। कतिपय भाषाहरूले एउटै लिपि चलाउने गर्छन्। तर एउटै लिपि चलाए पनि एक अर्कामा भाषाको वर्णविन्यासमा भिन्नता देखिन्छ। अङ्ग्रेजहरूले भाषामा प्रयोग गर्ने रोमन लिपि, नेपाली र हिन्दी भाषामा प्रयोग गर्ने देवनागरी लिपि, आदि लिपिका उदाहरण हुन्। लिपिले भाषालाई बचाउने काम गर्छ साथै आधुनिक युगमा लिपिले भाषालाई लेखन कार्यको विकासतिर डोऱ्याउँछ। त्यस भाषिक समुदायले चाहे आफ्नो स्वतन्त्र लिपि निर्माण गर्न सक्छ अथवा कुनै अर्को अघिबाटै विकाशित लिपि अपनाउन पनि सक्छ।

लिपिको सन्दर्भमा भुजेल भाषाको पनि आफ्नो स्वतन्त्र लिपि फेला पर्ना सकेको छैन। भुजेल भाषाको लिपिकरण कार्यमा देवनागरी लिपिलाई अघि राखेर भुजेल भाषाको लिपि निर्माण गर्ने प्रयास (रेग्मीको ,२०११) रहेको छ। भुजेल भाषाको प्रत्येक ध्वनि देवनागरी लिपिसँग मेल खाँदैन। यस कुरालाई ध्यानमा राख्दै लिपिकरणको यस समस्यालाई देवनागरी लिपिमा कसरी समेट्न सकिन्छ भन्ने विषयलाई लिएर भजेल भाषाको लिपिकरण निर्माण गर्ने यो शोध प्रबन्धको उद्देश्य रहेको हो।

भुजेल भाषा एक लोपोन्मुख भाषा हो। जो भोट-बर्मेली परिवारको बोदीक हिमालीअन्तगर्त मध्य हिमाली उपशाखाको भाषा हो भन्ने मत रहेको छ (रेग्मी,२०११:१)। यो भाषा भुजेलहरूले पुस्तौं-पुस्तादेखि मातृभाषाको रूपमा नेपालमा बोल्दै आएको पाइन्छ भने

भारतका विभिन्न प्रान्तहरूमा यो भाषा अघिबाटै लुप्त भएर गएको छ। भुजेल भाषा मातृभाषाका रूपमा रहे तापनि यस भाषाको लिपिको विकास वर्तमानसम्म हुन सकेको छैन। भुजेल भाषा अहिलेसम्म मौखिक रूपमा मात्र प्रयोग हुँदै आएको थाह लाग्छ। यसैले भुजेल भाषाको लिपि नभएको नै प्रमाणित हुन्छ। भुजेल भाषामा अहिलेसम्म रोमन र देवनागरी लिपिमा लेखेको प्रकाशित पुस्तक पाइन्छ। विशेष गरी यस भाषामा काम चलाउ र लेखन परम्पराको थालनीको लागि देवनागरी लिपि प्रयोग गरेको पाइन्छ। भुजेल भाषाको स्वतन्त्र लिपिको विकास नभएसम्म देवनागरी लिपिलाई अघि राखेर भुजेल भाषालाई विकास गर्ने योजना रहेको छ।

## ४.२. भुजेल भाषाको ध्वनि परिचय

### ४.२.१. ध्वनि परिचच

यस अध्यायमा भाषिक ध्वनिको परिचय राख्दै भुजेल भाषामा भएका स्वर र व्यञ्जन वर्णहरूलाई चिनाउने कार्य भएको छ। भुजेल भाषामा पाइएका स्वर ध्वनि अन्तर्गत द्विस्वरहरूलाई पनि यस अध्यायमा परिचित गराइएको छ। भुजेल भाषामा रहेका वर्ण, अक्षरीकरण साथै लिपि निर्माण कार्य रहेको छ।

#### ४.२.१. १ भाषिक ध्वनि

भाषिक ध्वनि भनेको ती ध्वनिहरू हुन् जो वक्ताकोउच्चारण अवयवबाट उच्चारण हुन्छन्। भाषामा प्रयोग हुने ध्वनि, बलाघात, तान, मात्रा, विराम आदी ध्वनिक पदार्थ हुन् भने लिखितमा प्रयोग हुने वर्ण, विराम चिन्ह र अन्य चिन्हहहरू लेखिमिक पदार्थ हुन्। भुजेल भाषाका ध्वनिहरूको विश्लेषण तल प्रस्तुत गरिएको छ।

तालिका : १. अ.ध्व.व. भुजेल भाषामा पाइने फोक्सीय व्यञ्जन ध्वनिहरू ।

| स्थान | | द्वयोष्ठय | | दन्त्य | | तालव्य | | हनुमूलीय | | स्वरयन्त्रमुखी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रयत्न | घोषत्व / प्राणत्व | अघोष | घोष | अघोष | घोष | अघोष | घोष | अघोष | घोष | अघोष | घोष |
| स्पर्शी | अल्पप्राण | p | b | t | d | | | k | g | | |
| | महाप्राण | $p^h$ | $b^h$ | $t^h$ | $d^h$ | | | $k^h$ | $g^h$ | | |
| नासिक्य | अल्पप्राण | | m | | n | | | | ŋ | | |
| | महाप्राण | | $m^h$ | | $n^h$ | | | | $ŋ^h$ | | |
| प्रकम्पित | अल्पप्राण | | | | r | | | | | | |
| | महाप्राण | | | | $r^h$ | | | | | | |
| संघर्षी | अल्पप्राण | | | s | | | | | | | ɦ |
| | महाप्राण | | | | | | | | | | |
| अन्तस्य | अल्पप्राण | | | | | | j | | | | |
| | महाप्राण | | | | | | $j^h$ | | | | |
| पार्श्विक अन्तस्य | अल्पप्राण | | | | l | | | | | | |
| | महाप्राण | | | | $l^h$ | | | | | | |
| स्पर्शी संघर्षी | अल्पप्राण | | | ts | dz | | | | | | |
| | महाप्राण | | | $ts^h$ | | | | | | | |

नोट: भुजेल भाषामा भेटीएको [w] ध्वनि अ.ध्व.व. तालिकामा नराखिएर अ.ध्व.व. तालिकादेखि बाहिर नोट गरिएको छ। [w] द्वयोष्ठय अघोष ध्वनि अनि [$w^h$] घोष द्वयोष्ठय महाप्राण ध्वनि हो।

माथिको तालिका अध्ववमा भएका भुजेल भाषामा पाइने फोक्सीय व्यञ्जन ध्वनिको विश्लेषण-

## ४.२.१.२. व्यञ्जन ध्वनि

श्वासप्रवाहमा वाधासहित उच्चारित हुने ध्वनि व्यञ्जन हो। भुजेल भाषामा भएका व्यञ्जन ध्वनिको वर्गीकरण उच्चारण स्थान, उच्चारण प्रयत्न, श्वासको मात्रा र स्वरयन्त्रमुखको स्थितिका आधारमा गरिन्छ।

भुजेल भाषामा फोक्सीय बहिर्गमनात्मक श्वासप्रभाव रहेको पाइन्छ। व्यञ्जन ध्वनिको वर्णन र वर्गीकरणका गर्दा निम्नलिखित आधारहरू देखिएको छ।

१) उच्चारण स्थान
२) उच्चारण प्रयत्न
३) प्राणत्व
४) घोषत्व

*१) उच्चारण स्थान*

कुनै पनि व्यञ्जन ध्वनिको उच्चारणका लागि दुई उच्चारण अवयव जोडिन्छन् वा अत्यन्तै नजिक हुन्छन् । स्थानका आधारमा भुजेल भाषामा भेटिएका व्यञ्जन ध्वनिको स्थान यस प्रकार छन्-

*द्वयोष्ठय*

दुई ओठहरू मिली उच्चारित हुने ध्वनि द्वयोष्ठ्य ध्वनि हुन्। भुजेल भाषाका ध्वनिहरू हुन् - [p], [p$^h$], [b], [b$^h$], [w], [w$^h$] , [ m] र [m$^h$]। यी ध्वनिबाट उच्चारित शब्दहरू हुन्-

(१) [pom] गाग्

[p$^h$uiwa] चरा

[baŋ] ढुङ्गा

[b$^h$aŋ] गाँजा

[wan] ल्याउँनु

[w$^{h}$an] जस्तै

[mimʌi] पोखु

[m$^{h}$e] आगो

*दन्त्य*

माथिलो दाँतको अघिलो भाग र जिब्रोको अघिलो भागबाट उच्चारित हुने ध्वनिहरू दन्त्य ध्वनिहरू हुन्।

(२) [t̪isʌ] पर्सी

[let̪o] पैसा

[t̪$^{h}$ot̪ri] कछुवा

[sau] खजुरो

[d$^{h}$jo] त्यो

[ts$^{h}$us] पिसाब

यी शब्दहरूमा रहेका भुजेल भाषाका *दन्त्य* ध्वनिहरू हुन् [t̪], [t̪$^{h}$], [d], [d$^{h}$], [n], [ts], [ts$^{h}$], [dz], [r], [l], [s]।

*तालव्य*

जिह्वामध्य र तालु मिली उच्चारित हुने ध्वनि तालव्य ध्वनि हो। भुजेल भाषाको यो स्थानमा आएको शब्दहरू हुन्- [njamet̪] र [ljam] शब्दमा आएको [j] ध्वनि तालव्य ध्वनि हो।

(३) [njamet̪] कमिला

[ljam] बाटो

*हनुमूलीय*

जिह्वापश्च र हनुमूल मिली उच्चारित हुने ध्वनि हनुमूलीय ध्वनि हो।

(४) [kʌri] कमर

[goit̪ur] घर तरूल

[baŋgʰu] पैह्रो

भुजेल भाषाका शब्दमा आएको [k], [g], [ŋ] र [gʰ] हनुमूलीय ध्वनि हुन्।

*स्वरयन्त्रमुखी*

स्वरयन्त्रमुखीका सहायतले वा दुई स्वरतन्त्री मिली उच्चारित हुने ध्वनि स्वरयन्त्रमुखी ध्वनि हो। भुजेल भाषाको [ɦat̪uŋ] शब्दमा आएको [ɦ] ध्वनि स्वरयन्त्रमुखी ध्वनि हो।

(५) [ɦat̪uŋ] फिला।

भुजेल भाषाको [pʰuiwa] शब्दमा आएको [w] ध्वनि द्वयोष्ठीय स्थानबाट उच्चारित ध्वनि हो। यहाँ [pʰuiwa] को अर्थ हुन्छ चरा र [wʰan] को अर्थ 'जस्तै' हुन्छ। उच्चारण प्रयत्नमा [w] र [wʰ] ध्वनिलाई अन्य भनेर राखिएको छ।

*२) उच्चारण प्रयत्न*

उच्चारण प्रयत्न भन्नाले ध्वनिको उच्चारणमा दुई उच्चारण अवयवबीच कस्तो सम्बन्ध देखिन्छ भन्ने कुरा हो। अर्थात प्रयत्न भनेको ध्वनिको उच्चारणमा प्रयुक्त उच्चारण अवयवहरू कसरी मिल्छ भन्ने कुरा वा उच्चारण विधि हो। कुनै ध्वनिको उच्चारणमा उच्चारण अवयवहरू स्थान र करण पहिले टप्प जोडिन्छन् र च्वाट्ट छुट्टिन्छन्, कुनै ध्वनिको उच्चारण स्थानमा स्थान र करण पहिले टप्प जोडिन्छन् र बिस्तारै छुट्टिन्छ अनि श्वास घर्षणसाथ बाहिरिन्छ, कुनै ध्वनिको उच्चारण स्थान र करण नजिकै पुग्छन् र दुईबीचको साँघुरो बाटोबाट श्वास घर्षणसाथ

बाहिरिन्छ। भुजेल भाषामा पनि प्रयत्नका आधारमा ध्वनिहरू स्पर्शी, नाशिक्य, संघर्षी, स्पर्शीसंघर्षी, प्रकम्पित, अन्तःस्थ, पार्श्विकअन्तःस्थ, महाप्राण अनि अल्पप्राण रहेको छ।

*स्पर्शी*

स्थान र करण टप्प जोडिएर च्वाट्ट छुट्टिँदा श्वास आकस्मिक विस्फोटसाथ बाहिरिँदा वा भित्रिँदा उच्चारित हुने ध्वनि स्पर्शी हुन्।

| | | |
|---|---|---|
| (६) | [pao] | कङ्गाल |
| | [baŋ] | ढुङ्गा |
| | [t̪rilok] | कण्ठ |
| | [dʌg] | पासो |
| | [koŋdzjal] | कक्रक्क |

भुजेल भाषाका शब्दमा आएका ध्वनिहरू हुन् [p], [b], [t̪], [d] , [g] र [k] यी व्यञ्जन स्पर्शी ध्वनि हुन्।

नासिक्य

स्थान र करण पहिले टप्प जोडिने र पछि च्वाट्ट छुट्टी आकस्मिक विस्फोटका साथ श्वास मुखविवरबाट बाहिरिने प्रक्रियासँगै हनुमूल तटस्थ बसी नाकबाट समेत श्वास बाहिरी उच्चारित हुने ध्वनि नासिक्य ध्वनि हो।

| | | |
|---|---|---|
| (७) | [mejau] | गाई |
| | [njamet̪] | कमिला |
| | [t̪ʰiŋo] | गन्नु |

भुजेल भाषाको शब्दमा भेटिएका नासिक्य ध्वनिहरू यस प्रकार छन् [m], [n], [ŋ] हुन्।

*प्रकम्पित*

स्थान र करण पटकपटक जोडिँदै स्थानमा कम्पन पैदा गर्दै श्वास बाहिरिँदा उच्चारित हुने व्यञ्जन प्रकम्पित व्यञ्जन हो। भुजेल भाषाको [rom], [daraŋ] शब्दमा आएको प्रकम्पित ध्वनि [r] हो।

(८) [rom] डालो

[daraŋ] ध्वाँसो

*संघर्षी*

स्थान र करण नजिकै पुग्ने तर नजोडी साँघुरो बाटोबाट श्वास घर्षणसाथ बाहिरिँदा उच्चारित हुने ध्वनि संघर्षी ध्वनि हुन्। मुखको माथिलो भाग तालुलाई ठीक बिचबाट दुई भागमा छुट्याउने रेखा हुन्छ, यस रेखालाई मुर्धन्य रेखा भनिन्छ। स्थान र करण नजिक हुँदा स्थानमा करणको ठीक बिचमा घर्षण पैदा भइ उच्चारित हुने ध्वनि संघर्षी हुन्।

(९) [dzogisai] कदमको रूख

[sai] फल

भुजेल भाषाको शब्दमा आएको [s] ध्वनि संघर्षी ध्वनि हो।

*पार्श्विक अन्तःस्थ*

स्थान र करण मुर्धन्य रेखामा टप्प जोडिएर त्यसको दायाँ बायाँका भागमा अत्यन्तै नजिक रही छेउबाट श्वास विनाघर्षण प्रवाहित हुँदा उच्चारित हुने ध्वनि पार्श्विक अन्तःस्थ व्यञ्जन हुन्। भुजेल

भाषामा पनि यस्ता ध्वनि पाइन्छ। उदाहरण यस प्रकार छ – भुजेल भाषाको [ljam] शब्दमा आएको ध्वनि [l] हो र [$l^h$ao] शब्दमा आएको ध्वनि [$l^h$] हो।

(१०) [ljam] बाटो

[$l^h$ao] वाण

*स्पर्शी संघर्षी*

स्थान र करण पहिले टप्प जोडिने र पछि च्वाट्ट नछुट्टिएर विस्तारै छुट्टिन्दा साँघुरो बाटोबाट श्वास घर्षणसाथ बाहिरिँदा उच्चारित हुने ध्वनि स्पर्शसंघर्षी ध्वनि हुन्। यस्ता ध्वनिको सुरु स्पर्शी ध्वनिको जस्तो र अन्त संघर्षी ध्वनिको जस्तो हुन्छ।

(११) [tsako] कडा

[$ts^h$amʌi] फाँड्नु

[dzelo] पात

भुजेल भाषाको शब्द सङ्कलनमा भेटिएका शब्दमा आएको ध्वनि [ts], [$ts^h$], [dz] स्पर्श संघर्षी ध्वनि हुन्।

माथि तालिका न०.१ को भुजेल भाषामा पाइने फोक्सीय ध्वनिहरूलाई हेर्दा तालिकाको आधारमा भुजेल भाषामा जम्मा २४ वटा व्यञ्जन ध्वनिहरू रहेको छ। जसमा यस प्रकार छन् [k], [$k^h$], [g], [$g^h$], [ŋ], [ ts], [$ts^h$], [dz], [t̪], [$t̪^h$], [d], [$d^h$], [n], [p], [$p^h$], [b], [$b^h$], [m], [j], [r], [l], [w], [s], [ɦ], ।

माथि विवरण गरिएको व्यञ्जन ध्वनि बाहेक भुजेल भाषामा संयुक्त महाप्राण घोष व्यञ्जन ध्वनि सात प्रकारका पाइन्छ। जसमा यस प्रकार छ- [$m^h$], [$n^h$], [$ŋ^h$], [$l^h$], [$r^h$], [$w^h$], [$j^h$]। भुजेल भाषामा व्यञ्जन र संयुक्त महाप्राण घोष व्यञ्जन गरी जम्मा ३१ वटा व्यञ्जन पाइन्छ।

भुजेल भाषामा [k], [$k^h$], [g], [p], [b], [k], [s] सँग [r] , [l] र [j] गाँसिएर संयुक्त व्यञ्जन बन्दछन्। यसरीनै भुजेल भाषामा धेरै व्यञ्जन वर्णहरू [j], [$p^h$], [b], [t̪], [d], [$d^h$], [ts], [$ts^h$], [dz], [r], [$r^h$], [l], [$l^h$], [m], [n], [s], [ɦ], [k], [g] सँग [r] गाँसिएर संयुक्त व्यञ्जन बन्दछन्। उदाहरण तल तालिकामा देखाइएको छ।

संयुक्त व्यञ्जनको तालिका २

| | | |
|---|---|---|
| pr- | [prok] | फोक्सो |
| br- | [braut̪o] | ठुलो |
| t̪r- | [t̪rak] | पुरूष जननेन्द्रीय |
| kr- | [krut̪] | हात |
| $k^h$r- | [$k^h$rau] | खेल्नु |
| pl- | [pla] | भाँच्नु |
| bl- | [bla] | पौड्नु |
| kl- | [kli] | दिसा |
| sr- | [srok] | अमिलो |
| pj- | [pjak] | सुँगुर |
| $p^h$j- | [$p^h$jun] | झुस |
| bj- | [$bjak^h$] | लामो |
| tj- | [tjan] | तैराउनु |
| dj- | [djur] | थुक्नु |
| $d^h$j- | [$d^h$jo] | त्यो |
| tsj- | [tsjas] | चोया |
| $ts^h$j- | [$ts^h$juŋ] | गहिरो |
| rja | [rjaŋ] | बारूलो |
| dzj- | [dzjuŋ] | चिसो |
| $r^h$ja- | [$r^h$jao] | फाटेको |
| lja- | [ljam] | बाटो |
| $l^h$j- | [$l^h$juŋ] | ओर्लनु |
| mj- | [mjan] | शरीरको रौं |

| | | |
|---|---|---|
| nj- | [njam] | घाम |
| sj- | [sjas] | पाल्नु |
| hj- | [hjuŋ] | झिँगा |
| kj- | [kjak$^h$] | बुन्नु |
| gj- | [gjap] | सियो |

## *४.३. भुजेल भाषाको वर्ण परिचय*

### ४.३.१. वर्ण

वर्णहरूको वर्गीकरण र वर्णन ध्वनितात्त्विक आधारमा गरिन्छ। यसैले ध्वनिको वर्गीकरण र वर्णन नै वर्णको पनि वर्णन र वर्गीकरण हो। वर्ण भाषिक व्यवस्थामा लघुतम व्यतिरेकी ध्वनि हो। यस परिभाषालाई बुझ्न लघुतम र व्यतिरेकी शब्दहरू बुझ्नु पर्ने हुन्छ। भुजेल भाषामा व्यञ्जन वर्णलाई लघुतम युग्मका आधारमा निर्धारण गरिएको छ-

*स्पर्शी व्यञ्जन वर्ण*

भुजेल भाषामा जम्मा १० वटा स्पर्शी व्यञ्जन वर्ण पाइन्छ। तिनीहरू अघोष महाप्राण, घोष महाप्राण अनि अघोष अल्पप्राण र घोष अल्पप्राण स्पर्शी व्यञ्जन वर्ण हुन्। स्पर्शी व्यञ्जन वर्णमा द्वयोष्ठय, दन्त्य, हनुमूलीय पाइन्छ।

*द्वयोष्ठय स्पर्शी*: /p/, /p$^h$/, /b/, /b$^h$/

(१२) [pam] स्त्री जननेन्द्रीय

[p$^h$am] सेतो

[baŋ] ढुङ्गा

[b$^h$aŋ] गाँजा

माथिको शब्दमा आएको /p/, /p$^h$/, /b/, /b$^h$/ भुजेल भाषामा वर्ण हुन्।

*दन्त्य स्पर्शी:* /t̪/, /t̪$^{h}$/

भुजेल भाषामा दन्त्य स्पर्शी वर्णबाट उचारित ध्वनिहरू हुन्-

| | | |
|---|---|---|
| (१३) | [t̪e] | दुई चिन्हक |
| | [t̪$^{h}$e] | अरू |

यस उदाहरणमा परस्पर लघुतम युग्मका रूपमा लिन सकिने /t̪/, /t̪$^{h}$/ व्यतिरेकी वर्णका रूपमा निर्धारित भएको छ।

*हनुमूलीय स्पर्शी*

भुजेल भाषामा चारवटा हनुमूलीय स्पर्शी व्यञ्जन वर्ण पाइन्छ। जुन वर्ण यस प्रकार छन् - /k/, /k$^{h}$/, /g/, /g$^{h}$/ ।

यी वर्णलाई लघुतम युग्मका आधारमा केलाउँदा केही भुजेल भाषाका शब्दहरू केलाउनु पर्ने हुन्छ। उदाहरण तल प्रस्तुत गरिएको छ-

| | | |
|---|---|---|
| (१४) | [kam] | मुख |
| | [k$^{h}$am] | रूख काट्नु |
| | [gam] | गाउँ |
| | [g$^{h}$am] | गरम |

भुजेल भाषामा /k/, /k$^{h}$/, /g/, /g$^{h}$/ छुट्टछुट्टै वर्ण हुन् ।

*नासिक्य वर्ण*

भुजेल भाषामा ६ वटा नासिक्य व्यञ्जन वर्ण पाइन्छ, जसमा तीनवटा घोष अल्पप्राण /m/,/n/, /ŋ/ अनि तीनवटा घोष महाप्राण /m$^{h}$/, /n$^{h}$/, /ŋ$^{h}$/ ।

घोष अल्पप्राणको उदाहरण-

| | | |
|---|---|---|
| (१५) | [ma] | पनि |
| | [na] | हुनु |
| | [ŋa] | म |

घोष महाप्राणको उदाहरण

| | | |
|---|---|---|
| (१६) | [me] | पुच्छर |
| | [$m^h$e] | आगो |
| | [ni] | दिन |
| | [$n^h$i] | हाँस्नु |
| | [t̪uŋ] | पिउनु |
| | [t̪u$ŋ^h$] | फेद |

यस उदाहरणबाट निकालिएका वर्णहरू हुन् /m/, /n/, /ŋ/ र /$m^h$/, /$n^h$/, /$ŋ^h$/ भुजेल भाषामा छुट्टा-छुट्टै वर्ण हो।

*स्पर्शीसङ्घर्षी व्यञ्जन वर्ण*

भुजेल भाषामा तीन प्रकारको स्पर्शीसङ्घर्षी व्यञ्जन वर्ण पाइन्छ। उदाहरण तल प्रस्तुत गरिएको छ-

| | | |
|---|---|---|
| (१७) | [tso] | भतिजो |
| | [$ts^h$o] | चल्नु |

लघुतम युगमको आधारमा /ts/, /$ts^h$/ भुजेल भाषामा भिन्ना-भिन्नै वर्ण हुन।

*सङ्घर्शी व्यञ्जन वर्ण*

भुजेल भाषामा दुई प्रकारको सङ्घर्शी व्यञ्जन वर्ण पाइन्छ।

(१८) [sin] कलेजो

[ɦin] बेच्नु

भुजेल भाषामा /s/ र /ɦ/ व्यतिरेकी व्यञ्जन वर्ण हो।

*प्रकम्पित व्यञ्जन वर्ण*

भुजेल भाषामा घोष अल्पप्राण र घोष महाप्राण गरी दुई प्रकारको प्रकम्पित व्यञ्जन वर्ण पाइन्छ।

(१९) [rao] तोतो

[$r^h$ao] गरेको काम

भुजेल भाषामा लघुतम युग्मको आधारमा /r/ र / $r^h$/ भिन्ना-भिन्नै वर्ण हुन्।

*पार्श्विक व्यञ्जन वर्ण*

भुजेल भाषामा प्रकम्पित व्यञ्जन वर्ण जस्तै पार्श्विक व्यञ्जन वर्णमा पनि घोष अल्पप्राण र घोष महाप्राण गरी दुई प्रकारको व्यञ्जन वर्णमा पाइन्छ ।

(२०) [la] नाम्लो

[$l^h$ao] वाण

भुजेल भाषामा लघुतम युग्मको आधारमा /l/ र /$l^h$/ व्यञ्जन वर्णमा व्यतिरेकी पाइन्छ।

*अन्तःस्थ व्यञ्जन वर्ण*

भुजेल भाषामा दुई घोष अल्पप्राण र दुई घोष महाप्राण गरी जम्मा ४ प्रकारको अन्तःस्थ व्यञ्जन वर्ण पाइन्छ।

(२१) [jam] चामल

[j$^h$am] फटयाङग्रो

[wan] ल्याउनु

[w$^h$an] जस्तै

भुजेल भाषामा लघुतम युग्मको आधारमा /w/, /w$^h$/, /j/, /j$^h$/ भिन्ना-भिन्नै व्यञ्जन वर्ण हुन्।

लघुतम युगमको आधारमा भुजेल भाषाका भेटिएका वर्ण यस प्रकार छन् /p/, /p$^h$/, /b/, /b$^h$/, /t̪/, /t̪$^h$/, /k/, /k$^h$/, /g/, /g$^h$/, /ŋ/, /ŋ$^h$/, /m/, /m$^h$/, /n/, /n$^h$/, /ts/, /ts/, /r/, /r$^h$/, /j], /j$^h$/, /w/, /w$^h$/, /s/, /ɦ/ जम्मा गरी २६ वटा पाइन्छ।

भुजेल भाषाको वर्ण तल तालिका ३ मा देखाइएको छ।

| | | |
|---|---|---|
| /k/ | [kam] | मुख |
| /$k^h$/ | [$k^h$am] | रूख काट्नु |
| /g/ | [gam] | गाउँ |
| /$g^h$/ | [$g^h$am] | गरम |
| /ŋ/ | [ŋa] | म |
| /ŋ/ | [$ŋ^h$a] | माछा |
| /ts/ | [tso] | भतिजो |
| /$ts^h$/ | [$ts^h$o] | चल्नु |
| /t̪/ | [t̪e] | दुई चिन्हक (दुई जना) |
| /$t̪^h$/ | [$t̪^h$e] | अरू |
| /n/ | [ni] | दिन |
| /$n^h$/ | [$n^h$i] | हाँस्नु |
| /p | [pam] | स्त्री जननेन्द्रीय |
| /$p^h$/ | [$p^h$am] | सेतो |
| /b/ | [baŋ] | ढुङ्गो |
| /$b^h$/ | [$b^h$aŋ] | गाँजा |
| /m/ | [me] | पुच्छर |
| /$m^h$/ | [$m^h$e] | आगो |
| /j/ | [jam] | चामल |
| /$j^h$/ | [$j^h$am] | फट्याङ्ग्रो |
| /r/ | [rao] | तातो |
| /$r^h$/ | [$r^h$ao] | गरेको काम |
| /l/ | [la] | नाम्लो |
| /$l^h$/ | [$l^h$ao] | वाण |
| /w/ | [wan] | ल्याउनु |
| /$w^h$/ | [$w^h$an] | जस्तै |
| s/ | [sin] | कलेजो |
| /ɦ/ | [ɦin] | बेच्नु |

## ४.३.२. स्वर

श्वासप्रवाहमा बाधाविना उच्चारित हुने ध्वनि स्वर हो। कुनै स्वरको उच्चारणमा जिब्रो निश्चित स्थानमा पुगेर स्थिर रहन्छ भने कुनै स्वरको उच्चारणमा जिब्रो एउटा निश्चित स्थान पुगेर पुनःअर्को कुनै स्थानतिर गतिशील हुन्छ। कुनै स्वरको उच्चारण गर्दा जिब्रो एक निश्चित उचाई र अग्रताको स्थानमा रहन्छ भने अर्कोथरी स्वरको उच्चारण गर्दा एउटा निश्चित उच्चाई र अग्रताको स्थानबाट विस्तारै अर्को उचाई र अग्रतातिर बढछ। यो पछिल्लो अवस्थामा चाहिँ जिब्रोको स्थिति सुरूमा एउटा स्वरको उच्चारणमा जस्तो र अन्त्यमा अर्कै स्वरको उच्चारणमा जस्तो हुन्छ (यादव र रेग्मी, २०५९: ८०)।

भुजेल भाषामा पाइने स्वर तालिका अथवा स्वर चतुर्भूज | तालिका न ०. ४

| | अग्र/ अगोलित | केन्द्रीय | पश्च/ गोलित |
|---|---|---|---|
| संवृत | i | | u |
| अर्ध संवृत | e | | o |
| अर्ध विवृत | | | ʌ |
| विवृत | | a | |

माथिको तालिका न ०.४ मा देखाइएको स्वर तालिकामा भुजेल भाषामा पाइने स्वर राखिएको छ। भुजेल भाषामा जम्मा ६ वट्टा स्वरहरू पाइन्छ। जस्मा- [i], [e], [a], [ʌ], [o] र [u] यी स्वरहरू सबै एक स्वर हुन्।

*क. एक स्वर*

भुजेल भाषामा एकस्वरको वर्णन र वर्गीकरण जिब्राको स्थिति तथा ओठको स्थितिका आधारमा गरिन्छ।

*जिब्राको स्थिति*

जिब्राको स्थिति स्वरहरूको वर्णन र वर्गीकरणमा महत्वपूर्ण आधार हो। जिब्राको स्थिति अन्तर्गत जिब्राको उचाई र जिब्राको पश्चता आधारमा स्वरको वर्गीकरण गर्न सकिन्छ।

*जिब्राको उचाइँ*

स्वरको उच्चारणमा जिब्राले विभिन्न उचाइँ लिन सक्छ। जिब्रो निकै माथि उठेर तालुसगँ अत्यन्तै नजिक पनि हुन सक्छ र निकै तल झरेर तालुभन्दा निकै टाढा रहन पनि सक्छ अनि यी दुई उचाइका बिचमा कतै रहन पनि सक्छ। यसो हुँदा मुखविवर साँघुरो वा संवृत, धेरै खुलेको वा विवृत यी अवस्थाका बिचको कुनै अवस्थामा रहन पनि सक्छ। यसै आधारमा स्वरलाई चार तहमा वर्गीकरण गरिन्छ।

*संवृत*

जिब्रो तालुको नजिकै पुगेर मुखविवर साँघुरो भएको अवस्था नै संवृत अवस्था हो। यसलाई बन्द वा उच्च अवस्था पनि भनिन्छ। यस अवस्थामा उच्चारित भुजेल भाषाका संवृत स्वर हुन् [i], [u], अर्ध संवृत स्वर [e], [o], अर्ध विवृत स्वर [ʌ] अनि केन्द्रीय विवृत स्वर [a] हो

| | | |
|---|---|---|
| (२२) | [$n^h$i] | हाँस्नु |
| | [gruṯ] | विरामी |
| | [dzelo] | पात |
| | [dʌg] | पासो |

*जिब्राको पश्चता*

जिब्राको पश्चताको आधारमा जिब्रो स्वरहरूको उच्चारणमा कहिले अघि सर्ने, कहिले तटस्थ रहने र कहिले तटस्थ रहँदा मध्य भाग सक्रिय हुने र पछि सर्दा पहिलो भाग सक्रिय हुने जिब्राको यी विभिन्न अवस्थामा उच्चारित स्वरलाई तीन वर्गमा विभाजन गरिएको छ , अग्र स्वर ,केन्द्रीय स्वर, पश्च स्वर ।

अग्र स्वर

जिब्राको अघिलो भाग सक्रिय भएर उच्चारित हुने भुजेल भाषाका अग्र स्वर हुन्- [i], [e] ।

| | | |
|---|---|---|
| (२३) | [t̪i] | पानी |
| | [pʰe] | पेरुङ्गो |

केन्द्रीय स्वर

जिब्रो तटस्थ रहेर उच्चारित हुने स्वर केन्द्रीय स्वर हो। भुजेल भाषामा पनि यो स्वर देखा परेको छ। अग्र र केन्द्रीयको छेउबाट उच्चारित स्वर चाहिँ [a] हो।

| | | |
|---|---|---|
| (२४) | [ma] | पनि |
| | [minna] | पाक्नु |

पश्च स्वर

जिब्रो पछिलतिर सोहोरिई जिहपश्च सक्रिय भएर उच्चारित हुने स्वर पश्च स्वर हुन् । भुजेल भाषामा पाइएका पश्च स्वरहरू यस प्रकार छन् - [u], [o] र [ʌ] ।

| | | |
|---|---|---|
| (२५) | [ʌuna] | निको |

[leto] पैसा ।

ओठको स्थिति

स्वरहरूको उच्चारणमा ओठहरू जोडिएर नलीको मुख जस्तो गोलो आकार बनाउन पनि सक्छन् र तटस्थ बस्न पनि सक्छन्। यसै आधारमा स्वरहरू गोलित र अगोलित गरी दुई प्रकारका हुन्छन्।

गोलित

ओठहरू जोडिई गोलो आकार बनाएर अलिकति अघाडि सर्दा उच्चारित हुने स्वरहरू गोलित स्वर हुन्। भुजेल भाषामा [t̪uŋ] शब्दमा आएको [u] र [prop] शब्दमा आएको [o] चाहिँ गोलित स्वर हुन्।

(२६) [t̪uŋ] पिउँनु

[prop] फोक्सो

अगोलित

ओठहरू तटस्थ रहँदा वा अझ फैलिँदा उच्चारित हुने स्वरहरू अगोलित स्वर हुन्। भुजेल भाषाका [i], [e], [a] र [ʌ] अगोलित स्वर हुन्।

( २७) [mʌit̪o] सानो

[reso] गीत

[gami] गाउँ

## ५.४. लघुतम युग्मको आधारमा स्वर वर्णको विश्लेषण

i) उच्च स्वर : /i/ ,  /e/

( २७)  [risu]  पस्कनु

[resu]  गाउनु

भुजेल भाषामा /i/ र /e/ पनि भिन्ना-भिन्नै स्वर वर्ण हुन्।

ii) मध्य स्वर : /ʌ/, /a/

(२८)  [lʌm]  हरू

[$l^h$am]  बाटो

भुजेल भाषामा लघुतम युग्मको आधारमा /ʌ/ र /a/ पनि भिन्ना भिन्नै स्वर वर्ण हुन्।

iii) पश्च स्वर : /u/ , /o/

(२९)  [buŋ]  सुरू गर्नु

[boŋ]  खोज्नु

भुजेल भाषामा /u/ र /o/ पनि भिन्ना-भिन्नै  स्वर वर्ण हुन्।

iV) उच्च अग्र र उच्च पश्च स्वर : /i/, /u/

(३०  )  [si]  मर्नु

[su]  को

भुजेल भाषामा /i/ र /u/ पनि भिन्ना-भिन्नै स्वर वर्ण हुन्।

V. अग्र मध्य र मध्य स्वर : /e/, /ʌ/

(३१ )                [tsen]        उम्रनु

[tsʌn]        कछुवा

भुजेल भाषामा /e/ र /ʌ/ पनि भिन्ना-भिन्नै स्वर वर्ण हुन्।

एक स्वरको वितरण तालिका ५.

| एक स्वर | शब्दारम्भ | शब्दमध्य | शब्दान्त |
|---|---|---|---|
| [ʌ] | + | + | + |
| [a] | + | + | + |
| [i] | + | + | + |
| [u] | + | + | + |
| [e] | + | + | + |
| [o] | _ | + | + |

एक स्वरको वितरणलाई तालिका ६.को उदाहरणबाट बुझ्न सकिन्छ –

| एक स्वर | शब्दारम्भ | शब्दमध्य | शब्दान्त |
|---|---|---|---|
| [ʌ] | [ʌuna] निको | [mimʌi] पोखु | [t̪isʌ] पर्सी |
| [a] | [apu] दाजु | [nat̪o] धेरै | [t̪jawa] माथि |
| [i] | [ilʌm] इनीहरू | [t̪rilok] कण्ठ | [kʌri] कमर |
| [u] | [us] गुड | [pun] छाला | [pu] टाउको |
| [e] | [em] सुत्नु | [sewanuŋ] नमस्कार | [me] पुछर |
| [o] | _ | [t̪oŋla] कन्दनी | [lɦupo] टोपी |

यसरी नै स्वर वर्ण पनि भुजेल भाषा देवनागरी लिपिको आधारमा निम्नलिखित प्रकारले लेखिन्छ-

तालिका १०

| मौखिक स्वर | | नासिक्य स्वर | | द्विस्वर | |
|---|---|---|---|---|---|
| i | इ | ã | आँ | ʌi | ऐ |
| e | ए | ĩ | इँ | ʌu | औ |
| a | आ | ũ | उँ | ai | आइ |
| ʌ | अ | ẽ | एँ | au | आउ |

| | | | | | |
|---|---|---|---|---|---|
| o | ओ | | - | oi | ओइ |
| u | उ | | - | ui | उइ |

भुजेल भाषामा जम्मा ६ वटा एक स्वर पाइन्छ। जुन देवनागरी लिपिमा सोझै लेख्न सकिन्छ। यस भाषामा एक स्वर बाहेक नासिक्य र द्विस्वर पनि पाइन्छ। यस भाषामा नासिक्य स्वर बनाउँदा देवनागरी लिपिमा एक स्वरमा चन्द्रविन्दु लगाउँदा नासिक्य स्वर बन्दछ। उदाहरण माथिको स्वर वर्णको तालिकामा छ।

भुजेल भाषामा द्विस्वर ६ वटा पाइन्छ। जुन चाहीँ एक स्वर एक-अर्कामा मिली द्विस्वर बन्छ। जस्तै- [ʌ] सँग [i], [u], मिलेर [ʌi], [ʌu] बन्दछ। [a] सँग [i], [u] मिलेर [ai], [au] बन्दछ। [o] सगँ [i] मिलेर [oi] र [u] सगँ [i] मिलेर [ui] बन्दछ। द्विस्वर मिलेर बनेको भुजेल भाषाको शब्द यस प्रकार छ ।

(३२) [mimʌi] पोख्

[ʌuna] निको

[saina] फूल्नु

[mejau] गाई

[woi] रगत

[pʰui] जङ्गल

## ४.५. व्यतिरेकी

व्यतिरेकी भनेको भिन्नाता हो। भाषाका सन्दर्भमा व्यतिरेकी भनेको शब्दको अर्थमा फरक पार्न सक्ने वा भिन्नाता ल्याउन सक्ने ध्वनि हो। भुजेल भाषामा [pam], [pʰam], [kam] र [kʰam] शब्दलाई लिँदा यी दुई छुट्टा छुट्टै अर्थ भएका शब्द हुन्। [pam] भन्नाले स्त्री जननेन्द्रीय बुझिन्छ भने [pʰam] भन्नाले सेतो बुझिन्छ र [kam] भन्नाले भुजेल भाषामा मुख बुझिन्छ

अनि [kʰam] भन्नाले रूख काट्नु बुझिन्छ। यी शब्दहरू [p], [a], [m] र [pʰ], [a], [m] अनि [k], [a], [m] र [kʰ], [a], [m] ध्वनिहरू मिलेर शब्द निर्माण भएका छन्। [kam] र [kʰam] शब्दमा [k] र [kʰ] ध्वनिको फरकले अर्थमा भिन्नाता देखिएको छ। [k] र [kʰ] को स्थान र परिवेश एउटै रहेको छ अनि पछाडिको दुई ध्वनि पनि एउटै रहेका छन्। खाली [k] र [kʰ] मा प्राणत्वले मात्र शब्दको अर्थमा फरक देखिन्छ। बाँकी दुई ध्वनि सबै शब्दमा [a] र [ m] एउटै रहेका छन्। यसरी शब्दको अर्थमा फरक पार्न सक्ने [p], [pʰ] र [k], [kʰ] भुजेल भाषामा पाइएका व्यतिरेकी ध्वनिहरू हुन्। यी ध्वनिको परिवेश यस प्रकार छ– [# # – a] हो। यी परिवेश पदादि वा सुरुमा मात्र ध्वनिको भिन्नता देखिन्छ। पदमध्य र पदान्तको शब्दमा भने उही ध्वनि एउटै परिवेशमा रहेको छ। [p], [pʰ] र [k], [kʰ] को एउटै परिवेशमा उपस्थितिले सबै शब्दको अर्थमा फरक रहेको छ।

तालिका ७ व्यञ्जनको वितरण

| व्यञ्जन | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| [k] | + | + | + |
| [kʰ] | + | + | + |
| [g] | + | + | + |
| [gʰ] | + | - | - |
| [ŋ] | + | + | + |
| [ŋʰ] | + | - | + |
| [ts] | + | + | - |
| [dz] | + | + | - |
| [t̪] | + | + | + |
| [t̪ʰ] | + | + | + |
| [d] | + | + | + |
| [dʰ] | + | + | - |
| [n] | + | + | + |

| | | | |
|---|---|---|---|
| [nʰ] | + | - | - |
| [p] | + | + | + |
| [pʰ] | + | + | + |
| [b] | + | + | + |
| [bʰ] | + | - | - |
| [m] | + | + | + |
| [mʰ] | + | - | - |
| [j] | + | + | - |
| [jʰ] | + | - | - |
| [r] | + | + | + |
| [rʰ] | + | - | - |
| [l] | + | + | + |
| [lʰ] | + | + | - |
| [w] | + | + | + |
| [wʰ] | + | - | - |
| [s] | + | + | + |
| [ɦ] | + | + | + |

व्यञ्जनको वितरणलाई तल दिइएका तालिका ८ को उदाहरणबाट पनि प्रष्ट पार्न सकिन्छ ।

| ध्वनि | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| [k] | [kam] मुख | [laka] गिठा | [sek] जुम्रा |
| [kʰ] | [kʰam] रूख काट्नु | [lakʰa] ताली | [bjakʰ] लोपहुनु |
| [g] | [goi] तरूल | [lagit̪] टाँसिनु | [dʌg] जाली |
| [gʰ] | [gʰaŋ] कहाँ | [dzãgʰr] जाँघर | — |
| [ŋ] | [ŋa] म | [kʰaŋo] पकाएको | [luŋ] मुटु |
| [ŋʰ] | [ŋʰa] माछा | — | — |
| [ts] | [tsʌn] गंगटो | [gʌtsuk] कति | — |
| [tsʰ] | [tsʰe] नुन | [latsʰa] सिउँदो | [t̪etsʰ] चिहान |
| [dz] | [dza] बाघ | [badzuli] गौथली | — |
| [t̪] | [t̪i] पानी | [ɦat̪uŋ] फिला | [krut̪] हात |
| [t̪ʰ] | [tʰot̪ri] कछुवा | [but̪ʰija] बुडी | [got̪ʰ] चरण |

| | | | |
|---|---|---|---|
| [d] | [domkoipak] पैतालो | [tsodik] यदि | [nid] निन्द्रा |
| [dʰ] | [dʰjo] त्यो | [sidʰa] सोझो | — |
| [n] | [naŋ] तिमी | [minal] पाक्यो | [t̪en] आज |
| [nʰ] | [nʰi] हाँस्नु | — | — |
| [p] | [pom] गाग्रो | [nʰapo] गुन्द्री | [t̪jakʌp] पाप |
| [pʰ] | [pʰamo] सेतो | [nupʰok] पारी | [kapʰ] टिप्नु |
| [b] | [baŋ] ढुङ्गा | [dabja] खुकुरी | [ãb] आँप |
| [bʰ] | [bʰelagnu] फार्नु | — | — |
| [m] | [muna] छ | [umpur] टिम्बुर | [njam] घाम |
| [mʰ] | [mʰe] आगो | — | — |
| [j] | [jaŋ] झिँगा | [pʰjun] झुस | — |
| [jʰ] | [jʰam] फटयाङ्ग्रो | — | — |
| [r] | [rom] डालो | [ daraŋ ] ध्वाँसो | [kʰer] पखेटो |
| [rʰ] | [rʰao] नाङलो | — | — |
| [l] | [let̪o] पैसा | [soloŋ] नली | [koŋdzjal] कऋक्क |
| [lʰ] | [lʰao] वाण | [putsuluŋ] टुप्पी | — |
| [w] | [wakoimjan] पवाँख | [sawt̪] प्रतिध्वनि | [saw] खजुरो |
| [wʰ] | [wʰan] जस्तै | — | — |
| [s] | [saik] दाँत | [ reso] गीत | [bʌt̪as] पचास |
| [ɦ] | [ɦan] जाँड | [puɦulu] पछ्रेउरा | [jaɦanaɦ] गरम |

## ४.६. खण्डेतर ध्वनि

एक्लै उच्चारित हुन नसक्ने खण्डीय ध्वनिको साथमा मात्र आउन सक्ने खण्डेतर ध्वनि हुन। यस अन्तर्गत प्राणत्व, घोषत्व, अनुनासिकता, बलाघात, अनुतान आदि पाइन्छ।

### ४.६.१ प्राणत्व

कुनै ध्वनिको उच्चारणका लागि श्वास वा प्राण धेरै चाहिन्छ कि थोरै भनेर त्यसको आधारमा ध्वनिहरूको वर्णन वा वर्गीकरण गर्ने आधार प्राणत्व हो। यो श्वासको स्रोतसँग सम्बन्धित बाहृय प्रयत्न हो। प्राणत्वका आधारमा अल्पप्राण र महाप्राण गरी ध्वनिका दुई भेद पाइन्छ।

*अल्पप्राण*

कम श्वास प्रयोग भई उच्चारित हुने ध्वनि अल्पप्राण ध्वनि हुन् भुजेल भाषामा पाइने अल्पप्राण ध्वनि [k], [g], [ts], [t̪], [p], [dz], [d], [b], [m], [n], [ŋ], [j], [r], [l] र [w] जम्मा १५ वट्टा ध्वनि पाइन्छ।

(३३) [kʌri] कमर,

[goit̪ur] घरतरूल

*महाप्राण*

उच्चारणमा धेरै श्वास लाग्ने ध्वनि महाप्राण ध्वनि हुन्। भुजेल भाषामा भेटिएका महाप्राण ध्वनिहरू यस प्रकार छन् [$k^h$], [$g^h$], [$ts^h$], [$t̪^h$], [$p^h$], [$d^h$], [$b^h$], [ɦ], [s] ९ वट्टा महाप्राण [$m^h$], [$n^h$], [$ŋ^h$], [$l^h$], [$r^h$], [$w^h$], [$j^h$]। साथै सातवटा घोष महाप्राण ध्वनि गरी जम्मा १६ वटा महाप्राण पाइन्छ, जो यस प्रकार छ -

(३४) [$k^h$am] रूख काट्नु

[$t̪^h$apu] खरानी

[$m^h$e] आगो

ध्वनिको उच्चारणमा अतिरिक्त श्वास प्रयोग हुने स्थिति नै महाप्राण ध्वनि हो।

*अनुनासिकता*

कुनै ध्वनिको उच्चारण हुँदा नासिकविवर खुल्ला हुने अवस्था नै अनुनासिकता हो। भुजेल भाषामा अनुनासिकताले अर्थमा फरक ल्याउँछ।

उदाहरण [$dak^h$] भन्नाले पुग्नु बुझिन्छ भने [$d\tilde{a}k^h$] भन्नाले पिट्नु बुझिन्छ।

[t̪ʰau] भन्नाले सफा गर्नु हो भने [t̪ʰãu] भन्नाले स्थान विशेषलाई बुझिन्छ।

[besi] भनेको धेरै हो भने [bẽsi] भन्नाले तराई बुझिन्छ।

*अनुतान*

अनुतान खण्डेतर ध्वनि भन्दा ठूलो एकाइ हो। अनुतान वाक्यका तहमा देखा पर्छ। भुजेल भाषामा अनुतानले अर्थमा फरक पार्छ। यस भाषामा प्रश्नार्थक र सामान्यार्थक वाक्यबीच अनुतानले भिन्नाता देखाउँछ। यस भाषामा सामान्यार्थक वाक्यमा अवरोही अनुतान र प्रश्नार्थक वाक्यमा आरोही अनुतान पाइन्छ। जस्तै

i) उसले भात खायो।

[djoi a:m dzejal] अवरोही अनुतान हो।

ii) उसले भात खायो?

[ djoi a:m dzejal] आरोही अनुतान हो।

*श्वसन*

घोष ध्वनिमा अधिक श्वसन प्रयोग हुने स्थिति श्वसन हो। भुजेल भाषामा [a:m] भनेको भात हो। यस भाषामा [a:m] शब्दमा [a] र [m] को बिचमा [:] दीर्घ चिन्हको प्रयोग गरिएको छ। [a:m] शब्दमा दीर्घ ध्वनि भएकोले यस प्रकारको चिन्हको प्रयोग गरिएको छ। श्वसनलाई दुई ध्वनिको बिचमा : उपचिन्ह राखेर जनाइन्छ।

*बलाघात*

बलाघातले भुजेल भाषामा अर्थमा भिन्नाता ल्याउँदैन।

### ४.६.२. घोषत्व

घोषत्व स्वरयन्त्रमा हुने कम्पन हो। यो पनि बाह्‌य प्रयत्न हो। स्वरतन्त्रीहरू टाडा टाडा रहेका अवस्थामा कम्पन पैदा हुँदैन तर स्वरतन्त्रीहरू नजिक रहेका बेला त्यहाँ कम्पन पैदा हुन्छ। यस आधारमा ध्वनिहरू घोष र अघोष गरी दुई प्रकारका हुन्छन्

*घोष*

स्वरयन्त्रमा कम्पन पैदा भई उच्चारित हुने ध्वनिहरू घोष ध्वनि हुन्। भुजेल भाषामा भेटिएका घोष ध्वनिहरू छन् [g], [gʰ], [ŋ], [ŋʰ] , [dz], [d], [dʰ], [n], [nʰ], [b], [bʰ], [m], [mʰ], [j], [jʰ], [r], [rʰ], [l], [lʰ], [w], [wʰ] र [ɦ] ।

(३५) [koŋdzjal] कक्रक

[ɦan] जाँड

ख. अघोष

स्वरयन्त्रमा कम्पन पैदा नभई उच्चारि हुने ध्वनि अघोष ध्वनि हुन्। भुजेल भाषामा भेटिएका अघोष ध्वनिहरू हुन् [k], [kʰ], [ts], [tsʰ], [t̪], [t̪ʰ], [p], [pʰ] र [s] ।

(३६) [kʌnu] हेर्नु

[kʰani] दुलो

[tsako] कडा

[tsʰus] पिसाब

[t̪jawa] माथि

| | |
|---|---|
| [t̪ʰpu] | खरानी |
| [pumpura] | पुर्पुरो |
| [pʰe] | पेरुङ्गो |
| [soloŋ] | नली |

## ४.७ अक्षरको संरचना

अक्षर एकै श्वासप्रवाहमा उच्चारण हुने ध्वनिहरूको समुह हो। अक्षर बन्नका लागि एउटा आक्षरिक ध्वनि अनिवार्य हुन्छ। आक्षरिक ध्वनि सामान्यत स्वर ध्वनि हुन्छ अनि तरल र नासिक्य व्यञ्जन पनि हुन सक्छ। यस्तो अनिवार्य घटक चाहिँ अक्षरको केन्द्रक हुन्छ। केन्द्रकका अघि र पछि एक वा बढी व्यञ्जनहरू आउन सक्छन्। केन्द्रकका अघि आउने व्यञ्जनहरू आरम्भक र पछि आउने व्यञ्जनहरू समापक अनि केन्द्रक र समापक दुवैलाई एकै साथ चाहिँ अन्तक भनिन्छ।

सङ्कलन गरिएको भुजेल भाषाको अक्षरको संरचनालाई वृक्षरेखामा देखाउन सकिन्छ। भुजेल भाषामा अक्षरीकरण गर्दा एक अक्षरदेखि लिएर सात अक्षरसम्म पाइएको छ। भुजेल भाषामा केन्द्रकको अघि तीनवटासम्म व्यञ्जन, केन्द्रकको पछि एउटा व्यञ्जन आउन सक्छ। $[C_0^3 V C_0^1]$

i. एक अक्षरको वृक्षरेखाको उदाहरण | [woi]

अक्षर

आरम्भक अन्तक

[w]

केन्द्रक समापक

[oi]

| | |
|---|---|
| १. [woi] | रगत |
| २. [so.loŋ] | नलीको हड्डि |
| ३. [se.wa.nuŋ] | नमस्कार |
| ४. [u.pʌr.rak$^{h}$.mʌi.pʌ.rʌ.na] | परिश्रम |

माथिको १ देखि ४ सम्मको उदाहरणमा १ र ४ मा मुक्त अक्षर रहेको छ भने २ र ३ मा बद्ध अक्षर रहेको छ।

## ४.८ भुजेल भाषा लिपिकरण समस्या र समाधान

भुजेल भाषा भोट-बर्मेली परिवारको भाषा हो। यस भाषालाई अध्ययन गरी विशेष गरेर यस अध्यायमा भुजेल भाषाको वर्ण केलाएर देवनागरी लिपिको आधारमा लिपि निकाल्नु रहेको छ। यस विषयलाई लिएर नेपालबाट भाषाविद डा.दानराज रेग्मीले (२०१२:३३ ) मा भुजेल भाषामाथि अध्ययन गरी यस भाषालाई रोमन लिपि, तिब्बती लिपि र देवनागरी लिपिमा लेख्न सकिने सम्भावना देखाएका छन्। यो भाषालाई यी लिपिहरूमा लेख्दा समस्या के देखिन्छ भने भाषिक

भुजेलहरू रोमन र तिब्बती लिपिमा लेख्न र बुझ्न नसक्ने हुनाले यी लिपि अपनाउन गाह्रो पर्छ अनि भाषिक, अभाषिक, शिक्षित, अशिक्षित भजेल समुदायले नेपाली भाषा बुझ्न सक्ने क्षम्ता भएकोले देवनागरी लिपिमा यस भाषा लेखिन सकिने सम्भावना देखिन्छ। भुजेल भाषामा विशेष गरी २४ वटा व्यञ्जन वर्ण र ७ वटा घोष महाप्राण व्यञ्जन वर्ण पाइन्छ। यस भाषाको २४ वटा व्यञ्जन वर्ण अन्तराष्ट्रीय ध्वनिताव्दिक वर्णमाला (IPA) मा लेखिएको बराबरीमा देवनागरी लिपिमा मिल्दो जुल्दो देखिन्छ तर भुजेल भाषामा समस्या के देखिन्छ भने भुजेल भाषामा सात वटा घोष महाप्राण व्यञ्जन ध्वनिलाई देवनागरी लिपिमा सोझै २४ वटा व्यञ्जन वर्ण जस्तो लिप्याङ्कन हुँदैन। २४ वटा व्यञ्जन वर्णको उदाहरण तल तालिका ९ मा देखाएको छ-

| | | | | | |
|---|---|---|---|---|---|
| p | प् | t | त् | k | क् |
| $p^h$ | फ् | $t^h$ | थ् | $k^h$ | ख् |
| b | ब् | d | द् | g | ग् |
| $b^h$ | भ् | $d^h$ | ध् | $g^h$ | घ् |
| m | म् | n | न् | ŋ | ङ् |
| j | य् | - | - | ts | च् |
| r | र् | - | - | $ts^h$ | छ् |
| l | ल् | - | - | dz | ज् |
| w | व् | - | - | - | - |
| s | स | - | - | - | - |
| ɦ | ह् | - | - | - | - |

भुजेल भाषा घोष महाप्राण व्यञ्जन वर्ण सात वटा पाइन्छ जुन वर्ण सोझै देवनागरी लिपिमा लेख्न गाह्रो पर्छ। यी वर्ण देवनागरी लिपिमा यस प्रकारले लेख्न सकिन्छ।

उदाहरण तल तालिका १० मा देखाइएको छ। (हेर्नुहोस रेग्मी, २०११ः३३)

| IPA | देवनागरी |
|---|---|
| $m^h$ | म्ह् |
| $n^h$ | न्ह् |
| $ŋ^h$ | ङ्ह् |
| $l^h$ | ल्ह् |
| $r^h$ | र्ह् |
| $j^h$ | य्ह् |
| $w^h$ | व्ह् |

भुजेल भाषा सात वटा घोष महाप्राण व्यञ्जन वर्णमा आएको 'ह' ध्वनिलाई IPA को [$^h$ ] महाप्राण चिन्हले जनाउँछ। यस भाषामा घोष महाप्राणदेखि बाहेक अन्य स्थानमा IPA को [ɦ] वर्णले देवनागरी लिपिमा सोझै 'ह' वर्ण जनाउँछ।

(३७) [$m^h$e] आगो

[ɦan] जाँड

## ४.९ निष्कर्ष

यस अध्यायमा विशेष गरी लिपिको परिचय, भुजेल भाषाको लिपि मान्यता र लिपि विकास, भाषाको ध्वनि र वर्ण परिचयमाथि अध्ययन गरी भुजेल भाषामा पाइएका व्यञ्जन वर्ण २४ वटा लगायत ७ वटा घोष महाप्राण गरी जम्मा ३१ वटा व्यञ्जन वर्ण पाइन्छ साथै ६ वटा स्वर वर्ण पाइन्छ। यस अध्यायमा यी वर्णका उच्चारण स्थान र उच्चारण प्रयत्नबारे संक्षिप्त रूपमा विश्लेषण गरिएको छ। लघतम युग्मको आधारमा भुजेल भाषामा २६ वटा व्यञ्जन वर्ण साथै ६ वटा स्वर वर्ण भेटिएको छ। यस भाषाको खण्डेतरमा

प्राणत्व, घोषत्व, अनुनासिकता र अनुतानले शब्दको अर्थमा फरक ल्याउँछ। यस भाषाको अक्षरीकरणमा एक अक्षरदेखि लिएर सात अक्षरसम्म पाइन्छ। अक्षर विभाजनमा

[$C_0^3$ V $C_0^1$] सम्म आउन सक्छ। भुजेल भाषाको शब्दमा मुक्त र बद्ध अक्षर रहेको छ। भुजेल भाषाको लिपिकरणको समस्याको समाधानमा भुजेल भाषा देवनागरी लिपि बाहेक अन्य लिपिमा लेखिँदा सम्पूर्ण भुजेलहरू शिक्षित नभएकोले अन्य लिपि बुझ्न र लेख्न नसक्ने अवश्था देखिन्छ। धेर जसो भुजेलहरूले देवनागरी लिपि लेखन र बुझ्न सक्ने सामर्थ्य भएकोले देवनागरी लिपि समाजिक रूपले उचित रहेको पाइन्छ। यस भाषाको २४ वटा व्यञ्जन ध्वनि र ६ वटा स्वर ध्वनि देवनागरी लिपिमा सामान्य देखिन्छ। यस बाहेक भुजेल भाषामा ७ वटा घोष महाप्राण व्यञ्जन ध्वनि पाइन्छ, यस ध्वनिहरूको लागि "ह" प्रयोग गर्ने सुझाव दिएको छ। यस सुझाव को आधारमा भुजेल भाषालाई देवनागरी लिपिमा भुजेल वर्णविन्यास अन्तर्गत लेख्न सकिने छ।

# पाचौं अध्याय

## ५. निष्कर्ष

यस शोध प्रबन्धमा भुजेल जातिको भाषिक अभिवृत्ति र पुनरूत्थान योजनाको अध्ययन गर्ने क्रममा भुजेल समुदायको सङ्क्षिप्त परिचय दिएको छ। भुजेल जाति हिमालय पर्वत श्रृङ्खला दक्षिण पहाडतिर बसो-बासो गर्ने एक पहाडी जन-जाति हो। यो जाति किँराती मूलमा पर्दछ (मोरिस,१८३६: ७४०) भुजेल जातिलाई मध्य एशियाका मंगोलीय जातिका वंशज मानेका छन्। भुजेलहरूले वर्तमान नेपालको भुजीखोलाको दुवै तर्फ राज्य स्थापित गरेर बसेका थिए र यहीदेखि नै उक्त खोलाको नाम भुजी र ठाउँ भुजीकोट भएको मत छ। भुजेलहरू आफूलाई प्हुगाल भन्ने गर्छन् । भारतमा भुजेलहरू पुस्तौं-पुस्तादेखि बस्दै आएका हुन्। भारतका विभिन्न प्रान्तहरूमा भुजेलहरूको बसो-बासो पाइन्छ। भारतमा सिक्किम, पश्चिम बंगाल, असम, मनिपुर अनि उत्तराखण्ड आदि राज्यहरूमा भुजेलहरूको बाक्लो उपस्थिति पाइन्छ। भारत बाहेक नेपाल, भुटान, म्यानमार आदिमा भुजेलहरूको बसो-बासो पाइन्छ।

भुजेल जातिले आफ्नो मातृभाषालाई प्हुगाल ङुर भन्ने गर्दछन्। रेग्मी (२०११:१) भुजेल भाषा भोट- बर्मेली परिवारको बोदिक हिमाली शाखा अन्तर्गत मध्य हिमाली उपशाखाको भाषा हो भन्ने मत रहेको छ। एथ्नोलगमा भुजेल भाषालाई आइएसओ (ISO)639-3 र (byh) सङख्या दिएको छ। उक्त दस्तावेजमा भुजेल भाषालाई भुजेल, भुजल, बुजेली, बुझयाल, घर्ती र पश्चिम चेपाङ नामले सम्बोधन गरिन्छ भन्ने जानकारी पाइन्छ। युनेस्कोकोद्वारा जारी गरिएको (Atlas,2011) मा भुजेल भाषालाई पूर्णरूपले लुप्तप्रायः हुनलागेको भाषा मानिएको छ।

यस शोध प्रबन्धको दोस्रो अध्यायमा भुजेल जाति, भाषा र जातिको संस्कार संस्कृतिको जानकारी दिएको छ। भुजेलहरूलका विभिन्न संस्कारहरू जस्तै गर्भधारण अनि जन्म, न्वारान, भात खुवाई, छेवार, रजस्वाला, साथै वैवाहिक संस्कारमा मागी विवाह, भागी विवाह आदिका वर्णन पाइन्छ। यस जातिमा मनोरञ्जनको लागि गर्ने नृत्य र गीत यस प्रकार छ घाटु, चुट्का, झामर्या, पादुर्या आदिको पनि उलेख गरिएको छ। साथै भुजेल जातिका थर-उपथरको सूची दिएको छ। यस अध्ययनबाट वर्तमानमा भारतका भुजेलहरूको भाषा, संस्कार-संस्कृति  ह्रासोन्मुख अवस्था तर्फ लागेको थाह पाइन्छ।

यस शोध प्रबन्धको तेस्रो अध्यायमा सिक्किम र दार्जिलिङ जिल्लाका विभिन्न क्षेत्रमा बसो-बासो गर्ने भुजेलहरूको भाषिक अभिवृत्तिको सर्वेक्षण गरी अध्ययन, तथ्यको विश्लेषण गरिएको छ। यस अध्यायमा सिक्किम र दार्जिलिङ जिल्लामा बसो-बासो गर्ने भुजेलहरूको जनसङ्ख्या सिक्किममा २०११को जन-गणना मुताविक ५,००० छ भने दार्जिलिङ जिल्लामा २५,००० रहेको छ। तीस हजार भुजेलमध्ये सिक्किमबाट ४३ जना र दार्जिलिङ जिल्लाबाट २१ जना कुल मिलाएर ६४ जना भुजेलहरूको भाषिक अभिवृत्तिको तथ्य सङ्कलन गरिएको छ। यस अध्ययनमा बहुसङ्ख्यक भुजेलहरूले आफ्नो मातृभाषा भुजेल हो भन्ने व्यक्त गरेका छन्, अनि अल्पसङ्ख्यक भुजेलहरूले मातृभाषा नेपाली हो भन्ने व्यक्त गरेका छन्। यस अध्ययनमा दार्जिलिङ र सिक्किममा भुजेल मातृभाषी वक्ता कोही पनि भेट्न सकिएन। तर केही साइनो सुचक शब्द, खान-पानको नामवली अनि सर-समानको नामवली भने परा-पुर्खदेखि नै प्रयोग गर्दै आएको थाह पाइन्छ। यस कार्यमाथि अध्ययन गर्दा बहुसंख्यक भुजेलहरू अवसर पाए मातृभाषा सिक्नु, बोल्नु इच्छा राखेका छन्। यस अध्ययनबाट सिक्किम र दार्जिलिङका भुजेलहरूले भुजेल भाषालाई लुप्तबाट पुनरूत्थान गर्नु पर्छ भन्ने सकारत्मक सोचको थहा पाइन्छ।

भाषिक अभिवृत्तिको आधारमा भुजेल भाषिक अभिवृत्तिको विश्लेषण र पुनरूत्थान योजना त्यार गरिएको छ। भाषा योजना र पुनरूत्थानको परिचय दिँदै भारतीय सन्दर्भमा भुजेल भाषाको विकास, संरक्षण तथा सम्बर्द्धनका लागि व्यक्तिगत, सामाजिक, संस्थागत साथै सरकारी पक्षबाट भाषालाई संरक्षण गर्ने योजना र नीतिबारे अध्ययन गरिएको छ। जसमा भाषाको लागि भाषिक समुदायको भूमिका साथै सरकारबाट सहयोग र सहुलियतको योजनालाई ठोस रूप दिनुका लागि विभिन्न कार्यको संक्षिप्त रूपमा मस्यौदा प्रस्तुत गरिएको छ। सर्वप्रथम भुजेल भाषाको पुनरूत्थान गर्नमा सम्बन्धित भाषिक समुदायको मूल भूमिकालाई मध्य नजर राख्दै लिपिकरण प्रयासलाई यस शोधले मुख्य अध्ययन बनाएको छ।

चौंथो अध्यायमा भुजेल भाषाको लिपिकरणबारे भाषिक विश्लेषण गरी भुजेल भाषाको लिपि र वर्णविन्यासमाथि चर्चा गरिएको छ। यस अध्यायमा विशेष गरी लिपिको परिचय, भुजेल भाषाको लिपि मान्यता र लिपि विकास, भाषाको ध्वनि र वर्ण परिचयमाथि अध्ययन गरी भुजेल भाषामा पाइएका व्यञ्जन वर्ण , स्वर, प्राणत्व, घोषत्व, अनुनासिकता र अनुतानको अध्ययन गरिएको छ।

भुजेल भाषाका वर्णहरू केलाएर हेर्दा भुजेल भाषा देवनागरी लिपि बाहेक अन्य लिपिमा लेखिँदा सम्पूर्ण भुजेलहरू शिक्षित नभएकाले अन्य लिपि बुझ्न र लेख्न नसक्ने अवश्था देखिन्छ। धेर जसो भुजेलहरूले देवनागरी लिपि लेख्न र बुझ्न सक्ने सामर्थ्य देखिन्छ। देवनागरी लिपि सामामजिक रूपले उचित रहेको पाइन्छ। भुजेल भाषाको लिपि निर्माण कार्यमा देवनागरी लिपिलाई अघि राखेर भुजेल लिपि निर्माण गर्ने प्रयास भएको छ। साथै देवनागरी लिपिमा धेर जसो भुजेल भाषाका ध्वनिहरू मेल खाने देखिन्छ। यस भाषाको २४ वटा व्यञ्जन ध्वनि र ६ वटा स्वर ध्वनि देवनागरी लिपिमा सामान्य देखिन्छ। यस बाहेक भुजेल भाषाका घोष

महाप्राण व्यञ्जन ध्वनि पाइन्छ, यस ध्वनिहरूको लागि "ह" प्रयोग गर्ने सुझाव दिएको छ।

अन्तमा, यस सुझावको आधारमा भुजेल भाषालाई देवनागरी लिपिमा भुजेल वर्णविन्यास अन्तर्गत लेख्न सकिने छ। यसै सन्दर्भमा सिक्किम र दार्जिलिङमा भुजेल भाषालाई पुनरूत्थान गराउन भाषा योजना अन्तर्गत लिपिकरणको आवश्यकता र महत्वलाई मध्य नजर राख्दै यस शोध प्रबन्धले योगदान दिनेछ भन्ने आशा राख्द छु र भविष्यमा आउने शोधार्थीहरूले यस कार्यलाई अघि बडाउँन सक्नेछन्।

**परिशिष्ट**

| १. तपाईको मातृभाषाको नाम के हो? | २. तपाई आफ्नो मातृभाषामा बोल्ने अवसर कतिको पाउनु हुन्छ? | ३. तपाईको मातृभाषा कहाँ-कहाँ बोलिन्छ? | ४ मातृभाषा स्कूलमा पठन-पाठन हुँदा तपाईको समुदाय खुशि हुन्छन्? | ५. तपाईको भाषामा पाठ्य सामग्री उपलब्ध छ? |
|---|---|---|---|---|
| भुजेलः १४<br>प्हुगालः२५<br>नेपालीः२२<br><br>भुजेल, प्हुगाल, नेपालीः ३ | थोरै मात्रमा पाइन्छः ५०<br>पाइँदैनः १४ | थोरै मात्रमा<br>घरभित्र : ३७<br>हाटबजारः<br>स्कूलः<br>बोल्दिैनः२७ | हुन्छः ६४<br>हुँदैन्नः | छैनः ५०<br>संस्कार-संस्कृतिको बारेमा पाइन्छः १४ |

| ६. आफ्नो मातृभाषामा पढाई हुँदा विधार्थी खुशि हुन्छन्? | ७. तपाईको नानीहरूले स्कूलमा मातृभाषामा पढन पाउँदा समुदाय खुशि हुन्छन्? | ८. तपाईको समुदायको सबै नानीहरूले मातृभाषा पढन चाहन्छन्? | ९. कसलाई राम्रोसँग आफ्नो जातिय संस्कार-संस्कृतिको बारेमा ज्ञान हुन्छ? मातृभाषा जान्ने कि नजान्ने व्याक्तिलाई? | १०. तपाईको मातृभाषाको भविष्य कस्तो छ? राम्रो / नराम्रो |
|---|---|---|---|---|
| हुन्छन्: ५०<br><br>थाह छैनः१४ | हुछन्: ६४ | चाहन्छन्: ३०<br>चाहँदैन् : ३४ | भाषा जान्ने नजान्ने दुवैलाईः ३१<br>जान्नेलाईः३३ | राम्रोः ३९<br>नराम्रोः २०<br>थाह छैनः५ |

| ११. यदि तपाईको भाषाको स्तर राम्रो बनाउनु अहिले कसले सोच्नु पर्छ? एक व्याक्तिले/सङ्घ संस्थाले/सरकारले | १२. तपाई आफ्नो नानीलाई प्रोत्साहन गर्नुहुन्छ मातृभाषा सिक्नको लागि? | १३. तपाईको नानीले मातृभाषा पढदा नोकरी पाउँछ भनेर तपाई सोच्नु हुन्छ? | १४. यदि मातृभाषा पढदा रोजगार पाउने अवसर छैन भने, किन नानीलाई मातृभाषा पढाउनु रुचाउनु हुन्छ? | १५. तपाईलाई आफ्नो मातृभाषा सिक्ने अवसर मिल्यो भने तपाई भाषा सिक्नु हुन्छ? |
|---|---|---|---|---|
| व्यात्ती र संघसंस्था : ३४<br>सरकारः १३<br>तीनै समुहः १७ | गर्छुः ६४ | सोच्छुः२६<br>सोच्दिनः३८ | भाषा संरक्षण गर्नुः६४ | सिक्छुः५०<br>सिकिन्दैनः१४<br>( ६० वर्ष भन्दा माथी उमेर भएका हुन्) |

| १६. तपाई सोच्नु हुन्छ तपाईको भाषा विभिन्न क्षेत्रमा प्रयोग होस विशेषगरी व्यापार, रोजगार अनि विद्यालय आदिमा? | १७. तपाईलाई आफ्नो भाषा सिक्दा ज्ञान बडेको जस्तो लाग्छ? | १८. तपाईलाई कस्तो लाग्छ अरू जातिले आफ्नो मातृभाषामा कुरा गर्दा? | १९. भुजेल भाषालाई लुप्तबाट बचाउनु सकिन्छ? |
|---|---|---|---|
| सबैले सोच्ने गरेका छन्ः ६४ | लाग्छः ६४ | आफूपनि आफ्नै भाषामा बोल्नु रूचाउँछन्ः ६४ | सकिन्छः ५०<br>सकिन्दैनः १४ |

# सन्दर्भ सामाग्री सूची


अधिकारी, हेमाङ्गराज, वि.सं २०६७. *सामाजिक र प्रायोगिक भाषाविज्ञाल,* काठमाण्डौं,नेपाल : रत्न पुस्तक भण्डार

खवास, जितेन्द्र, सन् २०१०. *भुजेलजाति र भाषा : संक्षिप्त अध्ययन*, सोनाम शेर्पा (सम्पा)*अनुशीलन* , उत्तर बङ्गल विश्वविधालय : अनुशीलन परिवार ।

गिरी, जीवेन्द्रदेव, वि.सं २०६३. *भाषाविज्ञान भाषा र भाषिका,* काठमाण्डौं, नेपालः एक्ता बुक्स ।

ग्रीहरसन, ए, जर्ज, सन् १९०१. *ल्यूङग्यूसटिक सर्वे अफ इन्डिया,* नई दिल्ली : ओरेन्ट ब्लयाकस्वान पिभिटि, एलटिडि।

पाण्डे, बलाराम, २०१५. *शोधपत्र प्रस्तुति : नई दिल्ली*

भुजेल, सी.वी. र रेशम बहादुर भुजेल, सन् २०१४. *भुजेलनृजातिवणर्न,* गान्तोक : अखिल सिक्किम भुजेल सङ्घ।

भुजेल, अमृतसिंह, सन् २००५. *भुजेल जाति र सामाजिक सांस्कृतिक जीवन पद्धति,* काठमाण्डौं : भुजेल समाज सेवा समिति।

भुजेल, हिलारी बन्धु (सम्पा), सन् २०१०. *भुजेल आवज स्मारीका,* काठमाण्डौं : भुजेल विधार्थी मञ्च केन्द्रीय समिति।

भुजेल, विष्णुलाल, २०१४. *सिक्किमको भुजेल जातिको भाषिक अभिवृत्तिको एक अध्ययन,* शोधकार्य (एमए) को स्वीकृतिपत्र, सिक्किम विश्वविद्यालय ।

यादव, योगेन्द्रप्रशाद र भीमनारायण रेग्मी, वि.सं २०५९. भाषाविज्ञान, किर्तिपूर : काठमाण्डौं ।

रेग्मी, दानराज सन् २०११. *भुजेल भाषाको व्याकरण,* काठमाण्डौं : भुजेल समाज सेवा समिति : काठमाण्डौं।

रेग्मी, दानराज सन् २०१२. *सम सोसियो ल्यूङग्यूसटिक एसपय्क्ट इन भुजेल,* विधयावरिधि (पि.एच.डी) प्रबन्ध स्वीकृति, काठमाण्डौं : त्रिभुवन विश्वविधालय।

ढकाल, शान्तिप्रशाद, वि.सं २०६३. *प्रायोगिक भाषाविज्ञान,* तालाचल : काठमाण्डौं ।

सन् २०१३. *भुजेल जन जातिको जन्म, न्वारन अनि विवहा संस्कार विधि* : भुजेल कल्यान एसोसिएस केन्द्रीय समिति कालेबुङ भारत।

Bradly, David 2002. *The Subgrouping of Tibeto-Burman*, In Beckwith, Chris. etc. Mediveal Tibeto Burman, Leiden Brill , pp 73-112.

Crystal, D, 1992. *Language Death*, Cambridge: Cambridge University press.

Fishman, J. A, 1991. *Revising Language shift: Theory and practice of Assistance to threatend Language and Multilingual matter.*

UNESCO, 2011. Atlas of the World.